म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक १६२ बुधबार, ९ माघ २०८१ ने. सं. ११४५ पोहेलागा 22 January 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## घरको बरगण्डामा महिला मृतफेला

हेटौंडा, ८ माघ/हेटौंडा उपमहानगरपालिका-१ स्थित स्वर्गलोकमा महिला मृतअवस्थामा फेलापरेकी छिन् । सोमबार मध्यरातमा लिलामणि पौडेलको घरअगाडिको बरण्डामा एक महिला मृतअवस्थामा फेलापरेको प्रहरीले जनाएको छ ।

महिला मृतफेला भन्ने खबरका आधारमा जिल्ला प्रहरी कार्यालयबाट प्रहरीनिरीक्षकको नेतृत्वमा गएको प्रहरीले अनुसन्धान गर्दा महिला मनहरी-३ हाँडीखोला घरभई हेटौंडाको बजार एरियामा कवाडीको काम गरी बेवारिसे हिसाबले बसोबास गरी हिड्ने अन्दाजी ४२ को बिनय ब्लोनको श्रीमती अन्दाजी ३७ वर्षीया सीता ब्लोन रहेको जनाइएको छ ।

मृत्युको कारण कालगतिले हो या अन्य हो भन्ने कुरा खुल्न बाँकी रहेको मकवानपुरका प्रहरीप्रवक्ता प्रहरी नायवउपरीक्षक श्यामु अर्यालले जनाएका छन् । मृतकको श्रीमान् घटना हुँदा सँगै रहेकोले घटनाको अनुसन्धान भइरहेको जनाइएको छ ।

# जग्गा मागिरहेका वनकरियालाई भूमि अध्यादेशले जगायो आशा

साझाकुरा संवाददाता

हेटौंडा, ८ माघ/ करिब दुई दशक अघिसम्म जंगलमा फिरन्ते जीवन बिताइरहेका वनकरिया समुदाय हाल खहरेखोलाको किनारमा बसोबास गर्दै आएका छन् ।

सरकारले २०६२ साल चैत्र २८ गते मनहरी गाउँपालिका-४ मुसेधापस्थित कबुलियती वनको ९ हेक्टर जमिन २० वर्ष बसोबास गर्न पाउने गरी कागज गरेर वनकरियालाई बासस्थान उपलब्ध गराएको थियो । २०८२ को चैत २८ गते वनकरियासँग भएको कागजको म्याद सकिन लागेसँगै वनकरिया समुदायको मुटुमा ढ्यांग्रो बज्न थालेको हो ।

सरकारले आफूहरुलाई बसोबास गर्न दिएको क्षेत्रमा २० वर्ष पूरा हुन लाग्दासम्म पनि लालपुर्जा उपलब्ध नगराउँदा आफूहरु फेरि जंगल फर्किनुपर्ने हो कि ? भन्ने मनमा डर पैदा भईरहेको स्थानीय कुमार बनकरियाले दुखेसो पोखे । मकवानपुरको मनहरी-४ मा रहेको वनकरिया बस्तीमा २३ घरधुरी रहेको छ । जसमा ९३ जना बनकरिया जनसंख्या छन् । प्रदेश सरकारको लगानीमा यहाँ रहेका वनकरिया समुदायको लागि केही आवास पनि निर्माण भएका छन् ।



२०६२ सालमा मुसेधापस्थित कबुलियत वन उनीहरुलाई उपलब्ध गराइएको थियो । मुसेधापस्थित खहरेकिनारमा बसोबास गर्दै आएका वनकरिया समुदायलाई विभिन्न समस्याले सताईरहेको छ । यहाँ न त राम्रो शिक्षाको नै व्यवस्थापन छ, न त गाँस, बास र कपासको नै । वनकरिया समुदायका बालबालिका बीचमै पढाइ छाडेर काम गर्न हिँड्ने र कलिलै उमेरमा विवाह गर्ने समस्या पनि उत्तिकै रहेको पशुपतिनाथ माविका प्रधानाध्यापक भानुभक्त आचार्यले बताएका छन् ।

सरकारले बस्नको लागि बासस्थान उपलब्ध गराए पनि आफूहरुले भोगचलन गर्दै आएको जग्गाको लालपुर्जा हातमा नपर्दा यो कुराले उनीहरुको मन चसक्क चस्किरहेका हो । बसोबासको लागि कागज दिएको २० वर्ष पुग्नै लाग्दा पनि वनकरियालाई स्थायित्व गराउने सरकारको कुनै छाँटकाँट नदेखिँदा आफूहरु निकै चिन्तित भएको वनकरिया समुदयका अगुवा महिला सन्तमाया वनकरिया बताउँछिन् । वनकरिया समुदायका लागि सरकारी आवास निर्माण गर्न सरकारले निकासा गरेको रकम उनीहरुको नाममा लालपुर्जा नभएकै कारण धेरैपटक बजेट फ्रिज भएको थियो ।

नेपालका लोपोन्मुख १० जातिमध्ये वनकरिया पनि एक हो । सरकारले यस समुदायको शैक्षिक उन्नतिको लागि केही पहल गरेको भयता पनि त्यसको प्रभावकारिता भने देख्न पाइएको छैन । अधिकांश बालबालिका स्कुले जीवनबाटै पढाइ छोड्ने यो समुदायको प्रमुख समस्या रहेको प्रधानाध्यापक आचार्यले बताए । ६ जनाले एसईईसम्म पास गरेको भएता पनि उनीहरुले सरकारी सेवामा रोजगारी पाएका छैनन् । यो समुदायमा गिट्टी बालुवा ढुंगा लोड गर्नुपर्ने बाध्यता रहेको स्थानीयको गुनासो छ ।

सरकारले व्यवस्थित ढंगले कागजी प्रक्रिया गरेर वनकरिया समुदायलाई जग्गा दिन नसकेता पनि जग्गाको वर्गीकरण गरेर निस्सा बाँडिसकेको छ । नेपाल सरकारको भूमि आयोगले स्थानीय तहलाई चाँडो भन्दा चाँडो यस्ता जग्गा नापी गर्नको लागि परिपत्र गर्नेमा आफू ढुक्क रहेको मनहरी गाउँपालिका वडा नम्बर ४ का वडाअध्यक्ष प्रकाश थापा बताउँछन् ।

विकट वनकरिया बस्तीका वनकरिया आधारभूत आवश्यकताबाट नै वञ्चित हुनुपर्ने अवस्था रहेको छ । सरकारले वनकरियाको लागि भत्ता उपलब्ध गराउने गरेको छ तर, यहाँका बासिन्दालाई भत्ता भन्दा पनि लालपुर्जा सहितको आवास र रोजगारीको अवसरको आवश्यकता रहेको देखिन्छ ।

# हेटौंडाको १ नम्बर वडालाई बालमैत्री घोषणा गरिँदै




साझाकुरा संवाददाता

हेटौंडा, ८ माघ/हेटौंडा उपमहानगरपालिकाको १ नम्बर वडालाई बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरिने भएको छ । हेटौंडा-१ ले निकृष्ट बालश्रममुक्त, बालविवाहमुक्त तथा बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गर्ने तयारीबारे जानकारी दिएको छ ।

मंगलबार पत्रकार सम्मेलनको आयोजना गर्दै माघ ११ गते शुक्रबार १ नम्वर वडालाई बालमैत्री शासनयुक्त वडा घोषणा गर्न लागेको वडाध्यक्ष सविन न्यौपानेले जानकारी दिए । न्यौपानेका अनुसार 'बालबालिकामा लगानी, सुनिश्चित भविष्यको थालनी' भन्ने नाराकासाथ वडालाई बालमैत्री वडा घोषणा गर्न लागिएको हो । बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा मुलसमारोहका संयोजक समेत रहेका उनले स्थानीय शासन घोषणा गर्न आवश्यक ५१ वटा सूचकमध्ये केही सूचक पूरा भइसकेको र केही पूरा हुने क्रममा रहेको बताए ।

यस वडामा सामुदायिक, सँस्थागत र बालविकास केन्द्रसहितका ६ वटा विद्यालय संचालनमा छन् । साथै समुदाय स्तरमा १८ वटा बालसमूह, र १ वडा बालसञ्जाल रहेको छ । जसमा ३ सय ६३ जना बालबालिका आवद्ध छन् । यस अभियानमा ८ बालविवाह रोकिएको छ भने विभिन्न बालश्रमिकको उद्दार गरी पारिवारिक मिलन गरिएको छ ।

वडामा बालअधिकार समिति, बालसमूह, बालसमूह सञ्जाल, टोलविकास सस्था, युवा क्लब, आमा समूह, वन समूह साथै विभिन्न सामुदायिक सस्थाहरु क्रियाशील छन् । यो वडालाई यसअघि पूर्णखोप वडा, पूर्णसाक्षर वडा र खुल्ला दिसामुक्त वडा घोषणा गरिसकिएको छ । १९ वटा वडा रहेको हेटौंडा उपमहानगर पालिकामा पछिल्लो समयमा बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा हुने क्रम बढ्दो छ ।

# विपद् व्यवस्थापनमा १३ करोड बढी खर्च



साझाकुरा संवाददाता

हेटौंडा, ८ माघ/गत असोजको अविरल वर्षाका कारण आएको बाढी-पहिरोले बागमती प्रदेश बढी प्रभावित भएको छ । असोज १०, ११ र १२ गतेको वर्षाका कारण ठुलो जनधनको क्षति भएको थियो ।

विपद् व्यवस्थापन अन्तर्गत विभिन्न कार्यमा प्रदेश सरकारले जिल्ला विपद्कोष र स्थानीय तहको विपद् कोषमार्फत् १३ करोड २ लाख रुपैयाँ खर्च गरेको छ । प्रदेश सरकारले मनसुनजन्य विपद् पूर्वतयारी, खोज, उद्दार तथा राहत र पुन:स्थापनाका लागि यो रकम खर्च गरेको हो । बागमती प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयको प्रतिवेदन अनुसार यस विपद्बाट काभ्रेमा बढी मानवीय र भौतिक क्षति भएको देखिन्छ ।

काभ्रेमा असोज १० देखि १२ गतेसम्म विपद्का घटनामा परेर ७९ जनाको मृत्यु भएको छ भने धादिङमा ३९ जना, ललितपुरमा ४६, काठमाडौंमा २०, मकवानपुरमा ७, सिन्धुपाल्चोकमा १०, दोलखामा ७, भक्तपुरमा ५, सिन्धुलीमा २ र रामेछापमा १ जनाको मृत्यु भएको प्रतिवेदनमा उल्लेख छ । बाढी-पहिरोमा प्रदेशभरबाट १४ जना बेपत्ता भएका छन् भने १६८ जना घाइते भएका थिए ।

विपद्का घटनामा बागमती प्रदेशमा १० अर्ब २३ करोड ५६ लाख ५४ हजार रुपैयाँको भौतिक क्षति भएको छ । विपद्बाट भक्तपुरमा १ करोड १ लाख २० हजार रुपैयाँको भौतिक क्षति भएको छ भने ललितपुरमा १ अर्ब ४३ करोड ६९ लाख १२ हजार रुपैयाँ, काठमाडौंमा ४ अर्ब १४ करोड ६६ लाख ५ हजार रुपैयाँको भौतिक क्षति भएको छ ।

यस्तै, सिन्धुलीमा १ अर्ब ५९ करोड ३८ लाख ८८ हजार रुपैयाँ, रामेछापमा २ करोड १ लाख ३८ हजार रुपैयाँ, दोलखामा ११ करोड ५० लाख रुपैयाँ, सिन्धुपाल्चोकमा १ अर्ब ९४ करोड रुपैयाँ र काभ्रेमा ७३ करोड २४ लाख ३२ हजार रुपैयाँ बराबरको भौतिक क्षति भएको छ । रसुवामा ३९ लाख ८५ हजार रुपैयाँ, नुवाकोटमा ९९ लाख ५५ हजार रुपैयाँ, चितवनमा २ करोड ५६ लाख ३५ हजार रुपैयाँ, मकवानपुरमा २० करोड २९ लाख ६३ हजार रुपैयाँको भौतिक क्षति भएको छ । धादिङमा भएको क्षतिको विवरण भने प्राप्त हुन नसकेको बताइएको छ ।

प्रतिवेदनका अनुसार विपद्बाट प्रदेशभर ४२ वटा पुल र २ हजार ५३५ घर, ९३० गोठ, ६६ वटा विद्यालय भवन, ३७० टहरा पूर्णरुपमा क्षति भएका छन् । ४८ वटा पुल आंशिकरुपमा क्षति भएका छन् भने ५ हजार ७९७ घर, १८९ विद्यालयमा आंशिक क्षति भएको छ । विपद्बाट ४ हजार ६६५ पशुचौपायाको क्षति भएको छ ।

# बाढीपहिरोपीडित थापा दम्पतीले पाए घर



साझाकुरा संवाददाता

हेटौंडा, ८ माघ/ बाढीपहिरोको कारण विस्तापित बनेका ८७ वर्षीय दिलबहादुर थापा दम्पतीले ३१ वर्षपछि घर पाएका छन् । हेटौंडा उपमहानगरपालिका-४ स्थित कार्की फाउन्डेसनले हेटौंडा उपमहानगरपालिका-१५ सिखर पानीमा ८ धुर जग्गा खरिद गरेर घर बनाइदिएको हो ।

भान्सा, शौचालयसहित दुईवटा कोठाको पक्की घर निर्माण गरेर थापा परिवारलाई मंगलबार एक समारोहबीच हस्तान्तरण गरिएको छ । लौरोको सहारामा हिँड्ने थापा दम्पती सुविधायुक्त पक्की घरमा बस्न पाउँदा खुशीले आँखाबाट आँशु पनि झारे । दिलबहादुरकी पत्नी ६९ वर्षीया राधिकाले पनि गृहप्रवेश गर्दै खुशीको आँशु झारिन् । उनले घर बनाइदिने कार्की फाउन्डेसनका संचालक धीरज कार्कीलाई खुशी हुँदै धन्यवाद दिइन् ।

२०५० सालको बाढी पहिरोले मकवानपुरको आमभन्ज्याङमा रहेको घरजग्गा सबै बगाएपछि उनीहरु सुकुम्वासी बनेका थिए । शक्ति र पहुँचविहीन थापा परिवारले त्यतिबेला सरकारबाट केही पनि राहत पाएनन् । सुकुम्वासी बनेपछि भौतारिँदै हिँडेका थापा परिवार हेटौंडा उपमहागनगरपालिका-४ कमलडाँडास्थित अर्काको जग्गामा कतरेघर बनाएर बसेका थिए । सामाजिक सुरक्षा भत्ताले जीवन गुजार्दै आएका यो परिवारको साथमा एक छोरा छन् । उनी पनि बेरोजगार छन् । छोरीको विवाह भइसकेको छ ।

घामपानी छिर्ने साँघुरो कतरेघरमा बस्दै आएका थापा दम्पतीलाई ८ धुर जग्गामा कार्की फाउन्डेसनले घर बनाइदिएको हो । जग्गासहित २९ लाख रुपैयाँको लागतमा भवन निर्माण गरिदिएको फाउन्डेससनका संचालक कार्कीले भने, 'जग्गालाई १६ लाख र घर बनाउन १३ लाख गरी २९ लाख रुपैयाँ लाग्यो ।'

वृद्ध थापा दम्पतीलाई घर बनाएर हस्तान्तरण गर्न पाउँदा आफू अत्यन्त खुशी भएको उनले बताए । घर हस्तान्तरण कार्यक्रममा हेटौंडा उपमहानगरपालिका-१५ का वडाध्यक्ष सुनिल मोक्तान, १६ का वडाध्यक्ष रामकृष्ण कोइराला लगायतको उपस्थिति रहेको थियो ।

# लागूऔषधसहित मोक्तान पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, ८ माघ/ मकवानपुरको पश्चिमीक्षेत्रस्थित मनहरी गाउँपालिका-९, मगरटोलबाट मंगलबार अवैध लागूऔषध गाँजा सहित एकजना पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा मनहरी गाउँपालिका बाह्रघरे बस्ने ५४ वर्षीय दुर्गाबहादुर मोक्तान रहेका छन् । उनलाई लागूऔषध गाँजा ६ किलोग्रामसहित पक्राउ गरेको प्रहरीले जनाएको छ । उनलाई इलाका प्रहरी कार्यालय मनहरीबाट खटिएको प्रहरीले यो परिणामको गाँजासहित पक्राउ गरेको हो । पक्राउ परेका उनीमाथि प्रहरीले आवश्यक अनुसन्धानका साथै कानूनी प्रक्रिया अगाडि बढाइएको छ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# असारे विकासको प्रतिक्षा

बिगतका सरकार जस्तै बागमती प्रदेश सरकार विकास बजेट खर्च गर्नका लागि असार महिना कुरिरहेको छ । विशेषगरी जेठ र असार महिनामा तीनै तहका सरकारको बजेट खर्च अत्यधिक हुने गरेको छ । बागमती प्रदेशका १४ मन्त्रालय पनि विकास बजेट खर्च गर्नका लागि असार महिना कुरिरहेका छन् । अहिलेसम्मको बजेटखर्च अत्यन्तै निराशाजनक छ । चालु आर्थिक वर्षको छ महिना वितिसक्दा पनि प्रदेश सरकारले बजेटखर्च गर्न सकेको छैन । प्रदेशका मन्त्री र सचिव आफ्नो जिल्लामा साना कार्यक्रमका अतिथि बन्ने होड र काठमाडौं केन्द्रित हुँदा धेरै समस्या देखिएको छ । मन्त्रालयका सचिव र महासाखा प्रमुखको हालत पनि उस्तै छ । घर गएर बस्ने अनी मन्त्रालयबाट दैनिक भ्रमणभत्ता लिएर काममा छु भन्ने परिपाटीले गर्दा थप समस्या भएको बताइएको छ । बागमती प्रदेश सरकारले चालु आर्थिक वर्षको छ महिनामा १६ प्रतिशत मात्रै बजेट खर्च गरेको छ । पुससम्ममा कुल बजेटको करिब १६ दशमलव २७ प्रतिशत मात्र खर्च भएको आर्थिक मामिला तथा योजना मन्त्रालयले जानकारी दिएको छ ।

चालु आवका लागि प्रदेश सरकारले ६४ अर्ब ५४ करोड चार लाख ३१ हजारको बजेट ल्याएकोमा पुससम्म १० अर्ब ५० करोड २९ लाख नौ हजार खर्च भएको छ । चालुको तुलनामा पुँजीगतखर्च कम भएको छ । सबैभन्दा कम पर्यटन, उद्योग तथा सहकारी मन्त्रालयले चार दशमलव छ प्रतिशत बजेटखर्च गरेको छ । प्रदेश सरकार चालु आर्थिक वर्ष २०८१/८२ को बजेट खर्चमा मात्र कमजोर देखिएको होइन, बिगतका दिनमा पनि यस्तै हुने गरेको थियो । प्रदेश सरकारले चालु आवका लागि गत असार १ मा ल्याएको बजेटअनुसार पहिलो छ महिनामा १६ प्रतिशत मात्र खर्च गरेको हो । चालु आवका लागि चालुतर्फ २५ अर्ब ९४ करोड ९१ लाख ८२ हजार रुपैयाँ, पुँजीगततर्फ ३७ अर्ब नौ करोड १२ लाख ४९ हजार र वित्तीय व्यवस्थातर्फ एक अर्ब ५० करोड रुपैयाँ विनियोजन गरेको थियो । गत आवमा ६२ अर्ब ७० करोड ९० लाख ७८ हजार रुपैयाँको बजेट रहेकोमा पहिलो छ महिनाको अवधिमा १६.९८ प्रतिशत अर्थात् १० अर्ब ६४ करोड ८० लाख एक हजार ४४४ रुपैयाँ खर्च भएको थियो । प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयले चालु आवको पहिलो छ महिनाको खर्च अपेक्षाअनुसार नभएको स्वीकारेको छ । चालु आवका पुँजीगत खर्चको बजेटको ठेक्का लगाउन थालेको र काम भएर भुक्तानी हुँदा वित्तीय प्रगति बढ्ने दाबी अधिकारीहरुले गरेका छन् । बहुवर्षीय ठेक्काको भुक्तानी गएपछि पुँजीगत खर्च वृद्धि हुने बताइएको छ । चालु आवको वित्तीय व्यवस्थातर्फ विनियोजित बजेट चालु आवको पहिलो छ महिनाको अवधिको खर्चको अवस्था शून्य रहेको छ ।

मन्त्रालयद्वारा सार्वजनिक चालु आवको अर्धवार्षिक वित्तीय प्रगतिविवरणअनुसार विनियोजित बजेटमा पहिलो छ महिनाको अवधिमा विगतका वर्षमा जस्तै पुँजीगतको तुलनामा चालुतर्फको शीर्षकको बजेट बढी प्रतिशतले खर्च भएको तथ्यांक छ । पुस मसान्तसम्म चालुतर्फ विनियोजित बजेटमा २५.७२ प्रतिशत अर्थात् छ अर्ब ६७ करोड ४७ लाख ९१ हजार रुपैयाँ र पुँजीगततर्फ १०.३२ प्रतिशत अर्थात् तीन अर्ब ८२ करोड ८१ लाख १८ हजार रुपैयाँ खर्च भएको छ । प्रदेशमा सबैभन्दा बढी विकास बजेट विनियोजन भएको भौतिक पूर्वाधार विकास मन्त्रालयको खर्च पनि समीक्षा अवधिमा सन्तोषजनक छैन । विनियोजित बजेटको चालुतर्फको ३१.४२ प्रतिशत अर्थात् १३ करोड ८१ लाख ३२ हजार ७७५ र पुँजीगततर्फ दुई अर्ब ७१ करोड ६१ लाख २८ हजार रुपैयाँ खर्च भएको मन्त्रालयले जनाएको छ । यसै गरी प्रदेशसभा सचिवालय, मुख्य न्यायाधिवक्ताको कार्यालय र अर्थ विविधि शीर्षकमा विनियोजन भएको पुँजीगततर्फको बजेट खर्चको अवस्था मन्त्रालयद्वारा सार्वजनिक अर्धवार्षिक वित्तीय प्रगतिविवरण अनुसार शून्य रहेको छ । स्थानीय तहका लागि विनियोजन गरिएको सात अर्ब ६५ करोड ४६ लाख ९६ हजार रुपैयाँमा हालसम्ममा ४०.२७ प्रतिशत बराबरको रकम निकासा भएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ माघ १० गते बिहीबार २३ जनवरी २०२५ । नवमी, माघ कृष्णपक्ष । पोहेलागा ११४५ ने.सं. । सूर्योदय ६:५६, सूर्यास्त ५:३६ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : विद्यार्थीका लागि लाभदायक | तुला | : दिन राम्रोसूग बित्नेछ |
| वृष | : सम्मानित काम हुनेछ | वृश्चिक | : चोट लाग्ने सम्भावना देखिन्छ |
| मिथुन | : धार्मिक काममा रुचि बढ्नेछ | धनु | : चिन्ता, भय र आशंका बढ्नेछ |
| कर्कट | : काममा एकरुपता आउनेछ | मकर | : सन्तोष र प्रतिष्ठा मिल्नेछ |
| सिंह | : यात्राबाट लाभ हुनेछ | कुम्भ | : काममा प्रगति हुनेछ |
| कन्या | : धनको समस्या पार लाग्नेछ | मीन | : व्यापारमा लाभ हुनेछ |

# वन, बाघ संख्या र वसुधैव कुटुम्बकम्



✍ कमलजङ्ग कुँवर

रूख, वन-जंगलले मानिसका लागि पिउनका लागि जल, खानका लागि फल, बाँच्नका लागि स्वच्छ सास, शरीर ढाक्न कपास, बास बस्ने घरका लागि काठ दिन्छ । अन्न, तरकारी, फलफूल उत्पादन गर्नका लागि सिंचाइ गर्ने जलको स्रोत पनि जंगल नै हो । मलिलो जैविक मलको स्रोत पनि वन वा रूख नै हो । विद्युत् उत्पादन गर्ने जलको स्रोत पनि वन, जंगल नै हो । खाना पकाउनका लागि दाउरा, औषधिका लागि जडीबुटी, पर्या-पर्यटनका लागि मनोरम हरियाली दृश्य तथा वन्यजन्तु र सम्पूर्ण खनिज पदार्थको स्रोत पनि वन, जंगल वा प्रकृति नै हो ।

पृथ्वीको वायुमण्डलमा रहेको प्रदूषित ग्यास (कार्वनडाइअक्साइड) ग्रहण गरेर स्वच्छ वातावरण कायम राख्न र अक्सिजन निष्कासनबाट श्वास-प्रश्वास तथा वातावरणलाई प्रदूषण मुक्त गरी मानव स्वास्थ्यको हित गर्ने पनि वन-जंगल नै हो । भूक्षय, पहिरो नियन्त्रण गरेर जलाधार क्षेत्र र तल्लोतटीय क्षेत्रलाई बाढी, डुबान, कटान तथा कृषिभूमि मरुभूमिकरण हुनबाट जोगाउने पनि वन-जंगल नै हो । वर्षामा पानीको सञ्चिति गरेर हिउँदमा जल आपूर्ति गर्ने हिमाल, पहाड र चुरेका वन-जंगल जलभण्डार (वाटर टावर) हुन् ।

अन्न, फलफूल, तरकारी उत्पादनका लागि बीउ वितरण र परागसेचन गरिदिने पनि स्वच्छ हावा, पानी, मौरी, कीरा, जनावर नै हुन् । यदि हावा, पानी शुद्ध भएनन् भने मौरी, कीरा जनावर मासिए भने परागसेचन हुँदैन र अन्न, फलफूल, तरकारी उत्पादन नहुँदा मानिस र पशुको आहार उत्पादन नभएर हाहाकार मच्चिनेछ । रूख, वन, जंगलले हामीलाई दिन्छ मात्रै उसले हामीबाट केवल माया मात्रै खोज्छ । घरपालुवा पशुपक्षी, बालीनाली, तरकारी र फलफूल सम्पूर्णको जैविक स्रोत पनि वन-जंगल नै हो । गैरकाष्ठ वन पैदावारहरू, घाँसपात, स्याउला-सोत्तर, जंगली तरकारी, कन्दमूलको स्रोत पनि वन-जंगल नै हो । अझै कति अथाह जैविक स्रोत हाम्रा भावी पुस्ताका लागि उपयोगी हुन सक्छन् ।

नेपालको उत्पादनमूलक विशाल चार कोसे झाडी फाँडिएर पहाडका थुम्काथुम्कीमा बाँकी रहेको झाडी बुट्यान सहितको खण्डीकृत वन-जंगलको क्षेत्रफल ४५.३१ प्रतिशत हो । चीनमा सन् १९५० को दशकमा १० प्रतिशत भन्दा पनि कम वन क्षेत्र रहेकोमा सन् १९९० को दशकमा त्यो बढेर १६.७४ प्रतिशत पुग्यो । २५ वर्षभित्रमा अर्थात् सन् २०१५ मा वन-जंगल क्षेत्र ५.५ प्रतिशतले वृद्धि गरेर २२.२ प्रतिशत पु¥याउन सफल भयो । सन् २०१८ मा चीनले सन् २०५० सम्ममा देशको कुल क्षेत्रफलको ३० प्रतिशत वन क्षेत्र पु¥याउने लक्ष्य निर्धारण गरेको छ । उसको सन् २०२१–२०२५ को पञ्चवर्षीय योजनामा सन् २०२५ सम्ममा २४.१ प्रतिशत वन-जंगल क्षेत्र पु¥याउने लक्ष्य लिएको थियो । अमेरिकामा ३३.८७ प्रतिशत र रूसमा ४९.४ प्रतिशत वन क्षेत्र रहेको छ । जापानमा ६८.४१ प्रतिशत वन क्षेत्र रहेको छ ।

विकसित देशको वन-जंगलको क्षेत्रफल हेर्दा लाग्छ, वन-जंगल वृद्धि देशको समृद्धिको सूचक हो । उता वन-जंगलको क्षेत्रफल वृद्धि सहित आर्थिक उन्नति गरेर चीन विश्व महाशक्ति राष्ट्र बन्दैछ । यता चीन भ्रमणबाट फर्केपछि नेपालका प्रधानमन्त्री केपी शर्मा ओलीले भने नेपालमा वन-जंगल ३० प्रतिशतमा घटाउनुपर्ने र बाघको संख्या १५० कायम गर्नुपर्ने अवैज्ञानिक, अव्यावहारिक, असान्दर्भिक, असामान्य, तथ्यहीन, हास्यास्पद र उटपट्याङ अभिव्यक्ति दिए । वन-जंगलले हामीलाई बाँच्ने आधार दिएको छ तर हामी वन-जंगलप्रति किन यति निर्मम भयौं, हामीले त्यसलाई नै किन आफ्नो दुश्मन ठान्यौं ? हामीलाई बाँच्नका लागि आवश्यक सम्पूर्ण भौतिक पदार्थहरूको उद्गम वन, जंगल, वन्यजन्तुप्रति यस्तो घृणा, द्वेष, दुश्मनी र निर्ममताको अर्थ केवल अज्ञानता वा अल्पज्ञानता हो ।

वन विनाश गरेर विकास हुने भए नेपालको तराईमा सबैभन्दा कम वन भएको सप्तरी जिल्लाको नै किन तराईका जिल्लाहरूमध्ये सबैभन्दा कम मानव विकास सूचकाङ्क रहेको छ ? यो देशको विशिष्ट भू-बनोट १५ प्रतिशत हिमाल, ६८ प्रतिशत उच्च पहाड र पहाड, १७ प्रतिशत भित्री मधेश, चुरे र तराई भएको देशमा भौतिक पूर्वाधारहरूको सुरक्षाका लागि पनि प्राकृतिक वातावरण सन्तुलन हुनु जरूरी छ । नत्र हामीले निर्माण गरेका भौतिक पूर्वाधारहरू सडक, विद्युत् बाँध तथा गृह, सञ्चार टावर, सिंचाइ बाँध, नहर, गाउँशहर बस्ती सबै एकै निमेषमा स्वाहा हुन्छन्, भएका छन् । यसको ज्वलन्त उदाहरण यसै वर्षको बाढीले काठमाडौं उपत्यका र आसपासका क्षेत्रमा निम्तिएको कहरबाट प्रष्ट हुन्छ । बागमती र रोशी खोलाको जलाधार क्षेत्रको विनाशबाट गत असोजमा निम्तिएको काठमाडौं उपत्यका र वरपर उत्पन्न भयावह स्थितिबाट तङ्गन सकेको अवस्था छैन, यस्तो जान्दाजान्दै पनि हाम्रो बुद्धि आउँदैन भने मूर्खको कुनै ओखती हुँदैन भन्ने उक्ति चरितार्थ हुन्छ ।

समुद्रमा जहाजको झण्डा देखिन छोड्यो भने त्यो जहाज डुब्यो भन्ने बुझिन्छ । प्राकृतिक सन्तुलनको सूचक वा झण्डा प्रजाति तराई तथा चुरेमा बाघ, पहाडमा चितुवा र हिमाली क्षेत्रमा हिउँचितुवा हराउनु भनेको त्यहाँको वातावरण असन्तुलनको संकेत र सन्देश हो । प्राकृतिक वातावरणमा बाघको संरक्षण र व्यवस्थापन भएन भने प्राकृतिक सन्तुलन कायम हुँदैन । जसको परिणामस्वरूप देशमा महाभारत युद्ध जस्तै बाढी, पहिरो, डुबान, कटानरूपी भीषण संकट निम्तिन्छ । सानो चित्त भएको व्यक्तिले आफू, आफ्नो परिवार, आफ्नो गुट, आफ्ना इष्टमित्रलाई मात्रै आफ्नो ठान्छ तर जो उदार मन वा ठूलो दिलको हुन्छ उसले सारा संसारका चराचर जगतलाई आफ्नो ठान्दछ ।

शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज क्षेत्रभित्र बग्दा विष्णुमती, बागमती, रुद्रमती नदीमा जल खञ्जरी चराले पुच्छर हल्लाउँदै आहार खोजेको देखिन्छ । त्यसैले त्यहाँबाट संकलित जल काठमाडौं उपत्यकाका जनताका लागि पिउनयोग्य ठहरियो । त्यसरी नै स्थल क्षेत्र हिमालमा हिउँ चितुवाको उपस्थितिले हिमाली क्षेत्रको, चितुवाले पहाडी क्षेत्रको र बाघले चुरे तथा तराईको प्राकृतिक वातावरण सन्तुलन भएको संकेत गरेको हुन्छ । मानव-बाघ द्वन्द्वको मूल कारण गरिबी हो । गरिबीको कारण बाघ होइन यो देशको राजनीति र राजनीतिज्ञ हुन् । नागरिकको यो विवशता हो, देशको लागि विडम्बना हो । नागरिकको मुक्तिका लागि राजनीति गर्नेले आफ्ना श्रीमती, छोरी, बुहारीलाई महारानी बनाएर राखेका छन् तर जसका लागि मुक्तिको कुरा गरेका थियौं ती नारीहरू एक्लै झिसमिसे उज्यालोमा बाघको मुखमा घाँस, दाउरा, निगुरो खोज्न जानुपर्ने बाध्यताको सृजना गरेका कारण द्वन्द्व बढेको हो । जहाँ अभाव र असमानता हुन्छ त्यहाँ द्वन्द्व हुन्छ यो नै समाजको सर्वमान्य सिद्धान्त हो ।

गरिब, निमुखा, विपन्न, दलित, आदिवासी, जनजाति, मधेशी समुदायका नागरिकले के सधैं पहाडका कुनाकन्दरा, भीरपहरामा बस्नुपर्ने ? बाघ, गैंडा, हात्ती, बाँदर, बँदेल, भालु, चितुवा, रतुवा लाग्ने, बाढीपहिरो आउने, नदीको कटानमा पर्ने, भौतिक पूर्वाधार तथा सुविधाको अभाव भएका र सधैं असुरक्षित तथा जोखिमयुक्त स्थानमा बस्न प्रेरित गर्ने नालायक नेता र अभियन्ताका कारण जनता, जल, जलाधार, जंगल, जनावरले दुःख पाएका छन् । उनीहरूलाई त्यस्ता जोखिमयुक्त स्थानबाट सुरक्षित र सुविधासम्पन्न स्थलमा स्थानान्तरण गर्ने व्यवस्था हुन सक्यो भने मात्रै वर्षौंदेखि नेपालमा रहेको सुकुम्बासी समस्या, हात्ती, बाघ, गैंडा लगायत वन्यजन्तुले पु¥याउने क्षति र नदी कटान, डुबान, बाढी-पहिरोको समस्या सदाका लागि समाधान हुनेछन् ।

तराई र त्यहाँ बस्ने आधा जनसंख्याको भविष्य जोगाउने हो भने चुरेको वन विनाश र अतिक्रमण रोक्ने हिम्मत गर्नुपर्दछ । हामीले अरूलाई स्वतन्त्रताको पाठ पढाउँछौं तर हामी अरूलाई स्वतन्त्र हुन दिंदैनौं । न आफू पराश्रित हुन छोड्छौं न अरूलाई स्वतन्त्र हुन दिन्छौं । आर्थिक, कूटनीतिक, राजनीतिमा अत्यधिक पर निर्भरता भएको देशमा स्वतन्त्रताको कुरा गर्नु हास्यास्पद मात्रै होइन यो अभिशाप नै हो । विज्ञानमा विश्वास गर्नेहरूले बुझ्नुपर्दछ चार्ल्स डार्विनको 'बाँच्नका लागि संघर्ष', 'योग्य मात्रै अस्तित्वमा रहन्छन्' भन्ने सिद्धान्त अनुसार प्राकृतिक वातावरणमा बाघको संख्या प्रकृतिले छनोट तथा निर्धारण गर्ने विषय हो ।

नत्र भने नेपालमा अहिले कायम रहेका ३१६–३५५ पाटे बाघको संख्याबाट २५ प्रतिशत मात्रै बघिनी प्रजनन्का लागि योग्य भएको हिसाब गर्दा पनि ८८ बघिनीले ९५–१०९ दिनको गर्भाधारणको अवधि, एक पटकमा जन्माउने २–३ वटा डमरू र हुर्काउने अवधि ३ वर्षको आधारमा पनि हरेक ४ वर्षभित्र नेपालमा १५० वटाभन्दा बढी बाघको संख्या बढ्ने थियो ।

प्राकृतिक वातावरणमा बाघको संख्या निर्धारण चिडियाखानामा रहेका खोरको संख्याका आधारमा गर्ने जस्तो विषय होइन् । नेपालमा कति बाघ राख्ने विषय कुनै मुखियाले मुखले बोलेको आधारमा निर्धारण हुने होइन । वैज्ञानिक सिद्धान्तका आधारमा प्राकृतिक खाद्य प्रणालीमा प्राकृतिक वातावरणमा बाघ सबैभन्दा माथि रहने प्राणी भएको हुँदा तल्ला दुई तहभन्दा उसको संख्या पिरामिड जस्तै क्रमशः कम हुन्छ । विश्वमा सबैभन्दा बढी बाघ भएको देश भारत (३१६७–३६८२) र रसियामा ७५० छन् । नेपालमा भन्दा त्यहाँ प्राकृतिक वातारणमा धेरै बाघ पाइन्छन् तर ती देशका प्रधानमन्त्रीले बाघ धेरै भए, वन मन्त्रीले बाघ शिकार गराएर पैसा कमाउनुप¥यो भनेका छैनन् । उनीहरू भने बाघको संख्या बढाउन चाहन्छन् ।

चीन पनि बाघ पाइने १३ देशमध्ये एक त हो तर उनीहरूले हाम्रो जस्तो बाघ बढाउन नसकेकोमा चिन्तित छन् । हाम्रो जस्तो भू-बनोट (हिमाल, पहाड र तराई) भएको देशमा भारत र रूसभन्दा धेरै गुणा बाघको संख्या बढाउन सक्यो भने मात्रै हामी सुरक्षित हुन्छौं । बाघ, चितुवा र हिउँचितुवाको संख्या नै हाम्रो देश विकासको मुख्य सूचक हो । भारत विकासशील र रूस विकसित देश हुनुमा बाघले केही असर गरेको छैन बरू सघाएको छ । बाघ र मानिसको सह-अस्तित्वको खोजी गर्नु नितान्त जरूरी छ । नेपालमा बाघको संख्या बढी होइन यो जम्मा ६ प्रतिशत मात्रै र अत्यन्तै न्यून छ । यसको संख्यामा कम्तीमा पनि १६ गुणाले वृद्धि गर्नुपर्दछ ।

चुरे क्षेत्रको वातावरण सन्तुलनको सूचक प्रजाति बाघ हो । विश्व खाद्य संगठनले आजभन्दा १५ वर्ष पहिले तयार पारेको प्रतिवेदन अनुसार सबैभन्दा धेरै चुरे विनाश भएका जिल्लाहरू रौतहटदेखि सप्तरीसम्म हुन् भने चितवन, पर्सा र बर्दिया राष्ट्रिय निकुञ्ज फैलिएको क्षेत्र जहाँ-जहाँ बाघ पाइन्छ त्यो क्षेत्रको चुरे अन्य जिल्लाको तुलनामा कम क्षति भएको छ । जसको परिणाम यो क्षेत्रमा पानीको सञ्चिति बढेको छ भने भू-क्षय तथा भू-स्खलनमा न्यूनीकरण भएर तल्लोतटीय क्षेत्रमा कृषिभूमि मरुभूमिकरण र बाढीबाट जीउधनको क्षतिमा न्यूनीकरण आएको छ । नेपालको पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका ३६ वटा जिल्लामा फैलिएको चुरे क्षेत्रलाई निकुञ्ज आरक्ष घोषणा नगरे पनि संवदेनशील चुरे संरक्षण क्षेत्रको विकास गरेर पर्साबाट धनुषाहुँदै झापा र चितवनबाट रूपन्देहीहुँदै दाङसम्म र बाँके-बर्दियाबाट डडेलधुरासम्मका प्रत्येक चुरे क्षेत्रका जिल्लामा कम्तीमा १५५ को संख्यामा प्राकृतिक वातावरणमा बाघको संख्या कायम गर्ने लक्ष्य लिने हो भने माइतीघरमा चुरे संरक्षणका लागि मधेशदेखि राजधानीसम्म पैदल यात्रा गरेर धर्नामा बसेका मधेश प्रदेशका नागरिकको समस्याको समाधान हुनेछ । यो तथ्याङ्कका आधारमा प्राकृतिक वातावरणमा नेपालमा कम्तीमा पनि ५ हजार ५८५ बाघ हुनुपर्दछ ।

बाघ संरक्षण गरेर चुरेको वातावरण सन्तुलन गर्नु मेचीदेखि महाकालीसम्मको तराई, भित्री मधेश क्षेत्रमा आधा जनसंख्या बसोबास गर्ने नागरिक, खानेपानी तथा सिंचाइको लागि जलभण्डार, उर्वर कृषिभूमि एवं नेपालको अन्नको भण्डार सुरक्षित हुने एउटै मात्र विकल्प हो । तर चिडियाखानाको मुखियाले जस्तै प्रधानमन्त्री ओलीलाई बाघको संख्या ११० तोक्न सल्लाह दिने जो नेपालमा आफूलाई संरक्षणविद् ठान्दछन् त्यो भजनमण्डली र ओलीको बचकनापन मात्रै हो । नेपालमा हिमाल र चुरे क्षेत्रलाई अति संवेदनशील क्षेत्र, पहाडमा सामुदायिक वन र तराईमा वैज्ञानिक वन व्यवस्थापनको प्रणाली लागू गर्नु जरूरी छ । बाघ, चितुवा, हिउँचितुवाका वासस्थान निकुञ्ज, आरक्ष र संरक्षण क्षेत्र भनेका हिमाल, उच्च पहाड, संवेदनशील चुरे तथा भावर क्षेत्रमा फैलिएका अति संवेदनशील क्षेत्र हुन् । कोशी, नारायणी, राप्ती, कर्णाली, महाकाली नदीका डुबान क्षेत्र पनि हुन्ह जुन क्षेत्र शहर, बस्ती, खेतीपातीका लागि अयोग्य क्षेत्र नै छन् ।

आजभन्दा १०० वर्ष अगाडि योभन्दा बढी बाघ नेपालमा पाइन्थे । १९६७ (सन् १९११) अर्थात् आजभन्दा ठीक ११४ वर्ष अगाडि चितवन उपत्यकामा तत्कालीन प्रधानमन्त्री चन्द्रशमशेरको निमन्त्रणामा शिकार खेल्न आएका ब्रिटिश राजा जर्ज पाँचौंले एउटै शिकार क्याम्पमा ३७ वटा बाघ शिकार गरेका थिए । यस बारेमा सन् १९१२ मा द न्यूयोर्क टाइम्समा लेख प्रकाशित भएको थियो । यसै संख्याबाट प्रष्ट हुन्छ कि चितवन उपत्यका लगायत नेपालको तराई तथा भित्री मधेश क्षेत्रमा बाघको संख्या कति थियो भनेर । वन क्षेत्र अतिक्रमण तथा अत्यधिक वन विनाश र चोरी शिकारका कारण हाल केही सयको संख्यामा रहेको बाघको संख्या पुनः सय वर्ष अगाडिकै संख्यामा १९ वर्षभित्र पु¥याउने गरी लक्ष्य निर्धारण गर्नुपर्दछ । यो लक्ष्य हासिल गर्न सफल भएमा बल्ल नेपाल साँच्चै विश्वको समुन्नत र सुखी देश बन्नेछ ।

नेपालमा अबको १०–२० वर्षभित्र विश्वकै सबैभन्दा धेरै पाटे बाघ पाइने देशको रूपमा लक्ष्य तोकेर संरक्षण गर्नुपर्दछ । राजनीतिक प्रतिबद्धता हुन सक्यो भने नेपालका सन्दर्भमा यो लक्ष्य हासिल गर्न सम्भव पनि छ । यसो हुन सक्यो भने साँच्चै चुरे र तराईको मुहार बदलिन्छ । जनतामा खुशी छाउनेछ । तराई हराभरा हुनेछ । बाढीले बस्ती, खेती डुबान गर्ने, कृषिभूमि मरुभूमिकरण हुने छैन, खेत सिञ्चित भएर धानका बाला लहलह छुलेको सुनौलो फाँट देखिनेछन् ।

नेता, अभियन्ता र न्यायाधीशको भाषा एउटै भयो भने त्यो देशमा प्रकृति र प्राकृतिक न्यायको सिद्धान्त मर्छ । प्रकृतिको वेदनाको सुनुवाइ नगरी बेञ्चमा बसेर गरिने निर्णय प्राकृतिक न्यायको सिद्धान्त विपरीत हो भन्ने कुरा आफूलाई कानूनको ज्ञाता हुँ भन्नेहरूले हेक्का राख्नुपर्ने विषय हो । यो देशको राजनीतिक समस्या भ्रष्टाचार र प्राकृतिक समस्या जलाधार क्षेत्रको अवैज्ञानिक तथा अव्यावहारिक व्यवस्थापन हो । नेपालको दिगो विकास हासिल गर्ने रणनीतिक लक्ष्य भनेकै भ्रष्टाचार नियन्त्रण र जलाधार क्षेत्र संरक्षण हुनुपर्दछ । यो हुन सक्यो भने मात्रै यो देश समुन्नत तथा सुन्दर बन्नेछ भने नेपाली नागरिक विश्वकै सुखी र खुशी हुनेछन् ।

प्रकृतिमा असन्तुलन निम्त्यो भने मानव अस्तित्व संकटमा आउँछ । हाम्रो बाँच्ने आधार प्रकृति समाप्त भयो भने मानव अस्तित्व कहाँ रहला ? वातावरणीय सन्तुलनको विषय मानवको अस्तित्व रक्षाको सर्वोच्च अधिकारको वकालत हो । भ्रष्टाचार नियन्त्रण र जलाधार क्षेत्र संरक्षण नै यो देशको समुन्नति र सुखको आधार हो । हाम्रो देशको आर्थिक समुन्नति र नागरिकको जीउधनको सुरक्षा प्रकृति संरक्षणमा निर्भर छ । आर्थिक विकाससँगै प्राकृतिक सन्तुलन कायम गर्नका लागि उदार चरित्र (वसुधैव कुटुम्बकम्) देखाउनु जरूरी छ । तर यो देशको राजनीतिक नेतृत्व भ्रष्टाचार नियन्त्रण र जलाधार क्षेत्र संरक्षण तथा व्यवस्थापन गर्न उदासीन/अन्यमनस्क देखिएको छ । भ्रष्टाचार र जलाधारलाई नजरअन्दाज गरियो भने यो देश डुब्ने कुरा निश्चित छ, बेलैमा सोचौं ।

*(साभार: अनलाइनखबर)*

# अराजकताको बाटो नरोजौं

✍ शंकरनाथ काफ्ले

राजनीतिमा प्रतिस्पर्धा सामान्यतः पहिलो र दोस्रो ठूला राजनीतिक दलहरुबीच हुने गर्दछ । दुई ठूला दलमध्ये नै एउटा दलले सरकारको नेतृत्व गरिरहेको हुन्छ भने अर्को दलले प्रतिपक्षको नेतृत्व गरिरहेको हुन्छ । आफूलाई सबैभन्दा ठूलो दल प्रमाणित गर्न सक्ने दलले सरकारको नेतृत्व गरिरहँदा दोस्रो ठूलो दललाई सरकारको भावी नेतृत्वको रुपमा लिने गरिन्छ । पछिल्लो निर्वाचनमा कुनै पनि दलले स्पष्ट बहुमत ल्याउन नसके पनि पहिलो ठूलो दल नेपाली कांग्रेस र दोस्रो ठूलो दल नेकपा एमाले नै हो । यद्यपि साना दलहरुसँग मिलेर संसद्मा बहुमत स्थापित गरेर यी दुईमध्ये एकले सरकारको नेतृत्व गर्नुपर्ने हुन्थ्यो भने अर्कोले प्रतिपक्षको भूमिका निर्वाह गर्नुपर्ने हुन्थ्यो । यो नै सही लोकतान्त्रिक अभ्यास हुन्थ्यो । तर, विडम्बना नै मान्नुपर्दछ कि यी दुईवटै दलले साना दलहरुको विश्वास जितेर सरकारको नेतृत्व आफ्नो हातमा लिनुपर्नेमा संसद्को तेस्रो ठूलो दल माओवादीलाई समर्थन गरेर आफू सरकारमा सहभागी हुन पुगे । यसरी माओवादीलाई सरकारको नेतृत्व दिएर आफू सरकारमा बसिर हँदा एकले अर्कोलाई कसरी लडाउन सकिन्छ भनेर दाउ खोजिरहे । जसको कारण तेस्रो ठूलो दलको नेता स्वयंले दुई ठूला दलहरुलाई खेलाइर हेको अनुभव गर्न पुगे । शुरुमा एमालेको समर्थनमा सरकार बनाउन पाएका प्रचण्डले एमालेलाई हैसियत देखाउन कांग्रेससँग मिलेर सरकार बनाए, फेरि कांग्रेसलाई हैसियत देखाउन एमालेको साथ लिन पुगे ।

प्रचण्डको नेतृत्वमा सरकार बनिरहँदा उनलाई ठूला दुई दलले पालैपालो साथ दिएका हुन् तर प्रचण्डलाई लाग्यो कि आफूले साथ लिएको । उक्त खेलबाट दुई ठूला राजनीतिक दलहरुको चेत त खुल्यो तर त्यो चेतको औचित्य क्रमशः पातलो हुँदै गएको देखिएको छ । लोकतन्त्रको आधारभूत सिद्धान्तलाई दाउमा राखेर भए पनि यी दुई ठूला दलहरुले सुधारको लागि बृहत् एकता अभियान चलाएका हुन् भन्ने कुरामा विश्वास नभएको होइन । आफ्नो छुट्टै इतिहास र योगदान बोकेका यी दुई ठूला दलले नै मुलुकलाई सही गोरेटोमा अघि बढाउने हो । नेपालको आधुनिक राजनीतिमा नेपाली कांग्रेस र नेकपा एमालेको एकछत्र राज भएको २०४६ देखि नै हो । करिब ३५ वर्षसम्म आलोपालो राज गरिरहेका यी दुई पार्टीको महत्व आफ्नै छ । मुलुकको हालको राम्रो नराम्रो दुवै परिणामका जिम्मेवार यी दुई ठूला दल नै हुन् । हुन त २००७ सालको आन्दोलनभन्दा पहिलेबाट नै यी दुई राजनीतिक दलहरुको उदय भएको हो । यी कम्युनिस्ट र कांग्रेस दलकै योगदानबाट मुलुकमा ठूला-ठूला राजनीतिक परिवर्तनहरु पनि सम्भव भए । यिनै दलको कमजोरीका कारण मुलुक आज कठिन अवस्थाबाट गुज्रिन बाध्य पनि भइरहेको छ ।

आन्दोलनको चरणमा इमानदार र सरकारमा पुगेपछि जिम्मेवारी निर्वाह गर्न नसक्ने यी दुई ऐतिहासिक पार्टीहरुको वास्तविक इतिहास देखिएको छ । आशातीत शक्ति हासिल गर्न नसक्दा अर्थात् २०४६ सालसम्म यी दुई दलले एकल वा संयुक्तरुपमा विभिन्न समयमा विभिन्न तरिकाबाट आन्दोलन र विद्रोह गर्दै गरेका थिए । केही समय जननिर्वाचित शक्तिको रुपमा सत्तामा पुगे पनि जनताको भावनालाई समेट्न सक्ने गरेर काम गर्न नसकेको भनी २०१९ सालमा राजा महेन्द्रबाट बहुदलीय प्रजातन्त्रमाथि कू गरेको कारण करिब २७ वर्ष नेपालमा पञ्चायती शासन व्यवस्थाको नाममा राजाले प्रत्यक्ष शासन गरेको इतिहास छ । नेतृत्वले आवश्यक राजनीतिक कौशलता देखाउन नसकेको कारण गुम्न गएको प्रजातन्त्र पुनर्स्थापनाको लागि अर्थात् एक तन्त्रीय जहानिया शासनबाट होस् वा राजाको शासनबाट होस्, नेपाली जनतालाई मुक्त बनाई मुलुकमा प्रजातन्त्र, लोकतन्त्र वा गणतन्त्रसम्म स्थापित गर्न यिनै दुई ठूला राजनीतिक शक्तिको योगदान रहेको छ । तसर्थ यी दुई ठूला दलहरु नै वास्तवमा ऐतिहासिक राजनीतिक दलहरु हुन् ।

*क्रमशः पृष्ठ-३....*

# नागरिक एपमा राष्ट्रिय परिचयपत्र, निन नम्बर पाएकाले राहदानी बनाउन मिल्ने



काठमाडौं/मंगलबारदेखि नागरिक एपमा राष्ट्रिय परिचयपत्र राखिएको छ । नागरिक एप र राष्ट्रिय परिचयपत्रबीच तालमेल मिलेपछि परिचयपत्र एपमा राखिएको सूचना प्रविधि विभागका निर्देशक रमेश शर्मा पौडेलले जानकारी दिए । उनले संचारकर्मीसँग भने, 'हामीले मंगलबार दिउँसोबाट नागरिक एपभित्रै राष्ट्रिय परिचयपत्र देखिने गरी ल्याएका छौं ।अब राष्ट्रिय परिचय पत्र छापिएर आएका सबै नागरिकको परिचयपत्र त्यहाँ हेर्न सकिनेछ ।'

उनका अनुसार नागरिक एपभित्र 'नेसनल आईडी' अप्सनमा गएर त्यहाँ आफ्नो परियचपत्र नम्बर (निन नम्बर) राखेपछि सम्बन्धित नागरिकको परिचयपत्र देखापर्छ । गत कात्तिक २ को मन्त्रिपरिषद् बैठकले अन्तरआबद्धताका लागि स्वीकृति दिएको थियो । राष्ट्रिय परिचयपत्र व्यवस्थापन सूचना प्रणाली र नागरिक एपलाई थप प्राविधिक परीक्षण गरिएपछि आजदेखि प्रयोगमा ल्याइएको राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागका निर्देशक युवराज कट्टेलले बताए ।

उनले भने, 'सूचना प्रविधि विभाग र राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले आवश्यक सबै परीक्षणपछि राष्ट्रिय परिचयपत्र सबै नागरिकले अनुभूत हुनेगरी सार्वजनिक गरेका छौं ।' सूचना प्रविधि विभाग र नागरिक एपबीच समझदारी पत्र (एमओयू) मा हस्ताक्षर गरिएको थियो ।

यता, सूचना प्रविधि विभागका निर्देशक पौडेलेका अनुसार आज मात्रै १ हजारभन्दा बढीको आवेदन परेको छ भने हाल करिब ५५ लाख प्रयोगकर्ताले नागरिक एप डाउनलोड गरेका छन् । यस्तै एन्ड्रोइडमा ४९ लाख १० हजार ५ सय ९६, एप्पलको आईओएसमा ६ लाख १२ हजार १ सय १५ र वेबसाइटमा २ हजार ३२७ पटक डाउनलोड भइसकेको छ । एपमा हाल ३५ वटा निकायका ६२ वटा सेवा तथा सूचना आबद्ध गरिएको छ । नेपाल राष्ट्र बैंकले आगामी १ माघदेखि राष्ट्रिय परिचयपत्र नम्बरका आधारमा बैंक खाता खोल्ने निर्देशन दिएको थियो ।

राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणालीमार्फत हालसम्म १ करोड ६५ लाखभन्दा बढी नागरिकको विवरण दर्ता भइसकेको र हालसम्म ६० लाखभन्दा बढी परिचयपत्र छापिएको पञ्जीकरण विभागका निर्देशक एवं प्रवक्ता प्रमुख शिवराज अधिकारीले जानकारी दिए ।

उनले संचारकर्मीसँग भने, 'हालसम्म १ करोड ६५ लाखभन्दा बढी नागरिकको विवरण दर्ता भइसकेको छ भने १ करोड ६१ लाख निन नम्बर (राष्ट्रिय परिचयपत्र नम्बर) पाएका नम्बर पाएका छन् । निन नम्बर (राष्ट्रिय परिचयपत्र) पाएकाले अब राहदानी बनाउन मिल्नेछ । साथै सरकारले दिने सेवाहरूमा प्रयोग गर्न सक्नेछन् ।' उनका अनुसार अब राष्ट्रियपत्र नम्बर (निन) पाएका १ करोड ६१ लाख नागरिकले राहदानी, बैंक अकाउन्ट, टेलिकमको सिमकार्ड लगायतका सेवा सहजै लिन पाउनेछन् । 'निन नम्बर पाइसकेका नागरिकले अब छापिएर आएको राष्ट्रिय परिचयपत्र भौतिक रुपमा नलिइकन राहदानी, टेलिकमको सिम, बैंक अकाउन्टलगायत सरकार दिने डिजिटल सेवा लिन सक्नेछन्,' उनले भने, ' त्यसको लागि सम्बन्धित सरकारी अधिकारीहरूले क्यूआर र निन नम्बरलाई स्क्यान गरेर भेरिफिकेशन गर्नेछन् ।'

यसका साथै २० लाख नागरिकले छापिएर आएको आफ्नो राष्ट्रिय परिचयपत्र भौतिक रुपमै पाइसकेको निर्देशक अधिकारीको भनाइ छ । उनका अनुसार ५५ लाख वटा कार्ड विभिन्न जिल्लामा पठाइएका छन् मुगु, डोल्पा र हुम्लाबाहेक देशभरबाट परिचयपत्रका लागि नागरिकले विवरण दर्ता गराएका छन् । देशभर राष्ट्रिय परिचयपत्र नम्बर लिन भने अनेक सकस झेलिरहेको नागरिकहरूले गुनासो गरिरहेका छन् ।

तर पछिल्लो समय धेरै सेवा दिने कार्यालयले प्रक्रिया झन्झटिलो बनाएर सेवाग्राहीबाट अतिरिक्त लाभ लिनेदेखि बिचौलियालाई फाइदा हुने काम गरिरहेकाले नागरिक एप प्रणालीको प्रयोग बढाउन सके सेवाग्राहीले सरकारी कर्मचारीको अनुहार नै हेर्नु नपर्ने व्यवस्थासम्म पुग्न सकिने दाबी अधिकारीहरुको छ ।

नागरिक एप प्रणालीले नागरिकले चाहेमा एपमार्फत स्वीकति दिएको अवस्थामा मात्रै एउटा सेवाका लागि अर्को प्रणालीबाट तथ्यांक तान्छ । अहिले नागरिक एपबाट 'क्यूआर कोड' स्क्यान गरेर वा निन नम्बरबाट दुई मिनेटमै बैंकमा खाता खोल्न र र राहदानी विभागमा फारम भर्न सकिन्छ ।

यसैगरी सरकारी कार्यालयहरुले आफ्नो सेवालाई स्क्यान प्रणालीबाट राखे भने एपमार्फत सेवाग्राहीले स्क्यान गरेर आफ्नो विवरण कार्यालयसम्म पठाउन सक्ने अवस्था भइसकेको छ ।

नागरिक एपमार्फत प्रणालीहरु लिंक गर्दा नागरिकको तथ्यांक सुरक्षित हुने थप कानुनी तथा प्राविधिक व्यवस्था गरेर यसको विश्वसनीयता बढाउन सकिने विज्ञहरु बताउँछन् । सूचना प्रविधि विज्ञ मनोहर भट्टराई एउटा सरकारी कार्यालयले खिचेको फोटो, लिएको बायोमेट्रिक र संकलन गरेको विवरण अर्को कार्यालयको प्रणालीसँग जोड्नसके सेवाग्राहीले कार्यालय पिच्छे यस्ता कागजात पेश गर्नु नपर्ने बताउँछन् ।

'लाइन हटाएर प्रभावकारी अनलाइन प्रणाली प्रयोगमा ल्याउन सबैभन्दा ठूलो कुरा राजनीतिक-प्रशासनिक प्रतिवद्धता चाहिन्छ', उनी भन्छन्, 'यसलाई कार्यरुप दिन संस्थागत क्षमता वृद्धि र दक्ष जनशक्ति आवश्यक पर्छ । तर प्रशासनिक र राजनीतिक तहमा इच्छाशक्ति पनि चाहिन्छ ।' अनलाइनबाट सरकारी सेवा दिन एउटा राष्ट्रिय अवधारणा चाहिने भन्दै उनले सेवा लिन रातिदेखि लाइन बस्नुपर्ने बाध्यता अब आधा घटेर जाने उनको भनाइ छ ।

सरकारले चाहेमा विश्वको जुनसुकै ठाउँबाट केही समयमै उत्कृष्ट प्रविधि भित्र्याएर अनलाइन सेवा प्रभावकारी बनाउन सक्ने उनी बताउँछन् । 'तर, नेता र प्रशासकमा त्यसो गर्ने इच्छाशक्ति ल्याउन भने हामीले सकेनौं', सूचना प्रविधि विज्ञ भट्टराई भन्छन् ।

### नागरिक एपबाट थप के-के सुविधा पाउन सकिन्छ ?

सरकारले ल्याएको नागरिक एपबाटै केही दिनमै सिंहदरबार प्रवेश गर्न आवश्यक पाससमेत लिन सकिने व्यवस्था गर्दैछ । एपमार्फत आफू जान चाहेको मन्त्रालयलाई पासका लागि अनुरोध गर्ने र मन्त्रालयले स्वीकृत गरेपछि एपमा नोटिफिकेसन आउने व्यवस्था गर्न लागेको सूचना प्रविधि विभागका निर्देशक रमेश शर्मा पौडेल बताउँछन् ।

उनका अनुसार नागरिक एपमा स्क्यानको अप्सन आउनेछ र सिंहदरबारको गेटमा टाँसिने क्यूआर कोडमा स्क्यान गरेर पासको आधिकारिकता जाँचेपछि भित्र जान पाइनेछ । यस्तै नागरिक एपमार्फत नागरिक लगानी कोष, कर्मचारी सञ्चय कोष, सामाजिक सुरक्षा कोष लगायतले दिंदै आएको सेवा सुविधाहरु पनि थप हुँदैछ । नागरिक एपबाटै प्रक्रिया पूरा गरेर केही मिनेटमै स्थायी लेखा नम्बर (प्यान) लिन सकिन्छ ।

प्रहरीबाट चारित्रिक प्रमाणपत्र लिन समेत नागरिक एपमा सेवा उपलब्ध गराइसकेको छ भने हेलो सरकारमा आफ्नो गुनासो र उजुरी दर्ता गर्न समेत नगरिक एपमार्फत सेवा दिइएको उनको भनाइ छ । त्यतिमात्रै नभएर ट्राफिक नियम उल्लंघन गर्दा क्यूआर कोड स्क्यान गरेर ट्राफिक प्रहरीले प्रणालीमा चिट नम्बर, उल्लंघन गरेको नियम र जरिवाना रकम भर्नेछन् । यस्तो ई-चलानको नोटिफिकेसन (डिजिटल चिट) चालकको नागरिक एपमा आउनेछ । र, त्यहाँ 'पे नाउ'को अप्सनमा चिट नम्बर राखेर मोबाइल बैंकिङ वा डिजिटल वालेटबाट तुरुन्तै जरिवाना तिर्न सकिनेछ ।

नागरिक एपमा अहिले प्रयोगकर्ताले नागरिकता, राहदानी, लाइसेन्स, प्रेस कार्ड, स्वास्थ्य बीमा कार्ड, शैक्षिक प्रमाणपत्र, मतदाता परिचयपत्र, लोकसेवा, वैदेशिक रोजगारको श्रम स्वीकृत गर्ने प्रणाली, वैदेशिक अध्ययनको लागि नो अब्जेक्सन लिने प्रणाली, प्रधानमन्त्री रोजगार कार्यक्रम, नेपाल विद्युत प्राधिकरण तथा केयूकेएलको महशुल प्रणालीलाई लिंक गर्न सक्नेछन् । मौसम पूर्वानुमान र वैदेशिक विनियम दरको जानकारी दिनेसम्मका सुविधा नागरिक एपमा राखिएको छ ।

यो एपमा स्थानीय तहको वेबसाइट र त्यसका सेवालाई लिंक गर्न सक्ने गरी प्रणाली तयार गरिएको छ । अहिले पनि स्थानीय तहका वेबसाइटका सबै विवरणहरु एपबाटै हेर्न सकिन्छ । यसैगरी नागरिक एपमा व्यक्तिगत कागजात समावेश हुने र यसलाई सेवा प्रवाहमा पनि जोडेमा सरकारी कामकाजका लागि कागजपत्र बोकेर हिंड्नुपर्ने झन्झटबाट मुक्त हुने उनको दाबी छ ।

'अब सरकारले व्यक्तिका सबै सरकारी परिचयपत्रहरु एकै ठाउँ (नागरिक एप)मा राख्ने तयारी गरेको छ, जसका कारण सरकारी सेवा लिन सक्ने गरी केही काम भइसकेका छन् भने केही अन्तिम चरणमा छन् ।' उनले भने ।

यता, प्रधानमन्त्री केपी शर्मा ओलीले मंगलबार नै प्रधानमन्त्री निवास बालुवाटारमा सूचना प्रविधि क्षेत्रका उद्यमी र विज्ञसँग छलफल गरेका थिए । उनले सूचना र प्रविधिको सहायतामा घरमै बसीबसी एकै दिनमा कम्पनी र भ्याट दर्ता जस्ता काम गर्न सकिने गरी प्रणालीको विकास गरिने बताएका थिए भने सरकारले ल्याएको अध्यादेशमा नेपालीले सूचना प्रविधि क्षेत्रमा अन्तर्राष्ट्रिय कम्पनी खोल्न सक्ने र लगानी स्वदेश र विदेशमा आदानप्रदान हुने खालका सहजीकरणका व्यवस्थाले आफूहरुलाई उत्साहित तुल्याएको भन्दै आइटी उद्यमीहरूले प्रधानमन्त्री ओली र सरकारलाई धन्यवाद पनि दिएका थिए ।

अहिलेको समय सूचना र प्रविधिको समय भएकाले यसलाई बुझेर काम गर्नुपर्छ भन्नेमा आफूले विगतदेखि नै प्रयास गर्दै आए पनि सरकारले केही अत्यावश्यक सेवालाई डिजिटलाइज्ड गर्ने पनि प्रधानमन्त्री ओलीले स्पष्ट गरेका थिए । प्रधानमन्त्री ओलीलेका भनेका थिए, 'अब हामी एकै दिन कम्पनी दर्ता, भ्याट दर्तादेखि अरु चिजहरु घरमै बसेर गर्न सकिने प्रणाली विकास गर्दैछौ,म यो गर्न चाहन्छु भनेर गर्न सक्ने त्यो प्रविधिको सुरु गर्दैछौं र त्यो छोटो समयभित्र हामी सफल बनाउँछौं ।' सरकारले २ माघ २०७५ मा नागरिक एप सार्वजनिक गरेको थियो । २०७४ को आम चुनावपछि बनेको केपी शर्मा ओली नेतृत्वको सरकारले यो एप निर्माण गरेर प्रयोगमा ल्याएको थियो ।

२०७८ सालमा ओली सरकारबाट बाहिरिएपछि अरु सरकारले यो एपलाई अपडेट राख्ने, सेवाहरु अन्तरआवद्ध गर्ने र एपलाई प्राविधिक रुपमा चुस्त राख्ने काम गरेनन् । एपका लागि वर्षमा ५० लाख रुपैयाँ बजेट पनि नपाएपछि राष्ट्रिय सूचना प्रविधि केन्द्रले एपको विकास र यसैमार्फत सेवा लिन सक्ने प्रणाली नै बनाएन । त्यसपछि ओली सरकारमा आइसकेपछि नागरिक एपलाई थप प्रभावकारी बनाउने गरी कामलाई निरन्तरता दिन लागेका छन् ।

*(स्रोत: अनलाइनखबर)*

# खगेन्द्रको सट लिँदै सुरु भयो 'महाभोज'को छायांकन



काठमाडौं/'प्रकाश' फेम्ड निर्देशक दिनेश राउतले आफ्नो नयाँ फिल्म 'महाभोज'को छायांकन सुरु गरेका छन् । गत माघ १ गते काठमाडौंमा मुहूर्त गरिएको फिल्मको मंगलबारदेखि पोखराको घाचोकमा दृश्य खिच्न थालिएको हो । अभिनेता खगेन्द्र लामिछाने र कलाकार मोहन निरौलाले फिल्मका लागि पहिलो सट दिएका थिए । ४५ दिनको तालिकामा सम्पूर्ण छायांकन पोखरा आसपासमा हुनेछ ।

हिमाल कडरिया निर्माता रहेको फिल्ममा खगेन्द्र र मोहनसहित आर्यन सिग्देल, दयाहाङ राई, अञ्जना बराइली, गौमाया गुरुङ, मलिका महत, बसुन्धरा भुसाल, बुद्धि तामाङ, कमलमणि नेपाल, पुष्कर गुरुङ, विनोद न्यौपाने लगायतको अभिनय रहनेछ । फिल्मको कथा सर्वसाधारणको जीवन र भरोसामाथि खेलबाड गर्नेविरुद्ध रहेको जनाइएको छ ।

'महाभोज'को कथा वस्तुबारे निर्देशक राउतले भनेका छन्, 'फिल्ममार्फत नागरिकको जिम्मेवारी, न्याय, पारदर्शिता, र सामाजिक जागरणको महत्त्व देखाउने प्रयास गर्नेछौं । र, देशका प्रणालीविहीन कामहरूको विरुद्ध जब नागरिकको सहनशीलताको बाँध टुट्छ, समाजले कस्तो रूप लिन्छ भन्ने फिल्मले देखाउनेछ ।' निर्देशनको हिसाबले यो उनको आठौं फिल्म हो ।

क्लक वर्क क्रियशन र पिक्चर फ्रेमले निर्माणमा सहकार्य गरेको फिल्ममा विकास सुवेदीको लेखन छ । यसअघि उनले 'प्रकाश' र 'पूजार सार्की'को स्क्रिप्ट लेखेका थिए । राजेश श्रेष्ठले छायांकनको जिम्मेवारी सम्हालेको फिल्मको कार्यकारी निर्माताहरूमा किरण नेपाली र सुदिप ढकाल रहेका छन् । निमेष श्रेष्ठको सम्पादन रहने फिल्मलाई आगामी वर्षको जेठमा रिलिज लक्ष्य राखिएको छ ।

# 'नेपाल कल्चरल फिल्म फेस्टिभल'मा ४७ देशका फिल्म प्रदर्शन हुने




काठमाडौं/हरेक वर्ष नियमित रुपमा नेपालमा आयोजना हुँदै आएको 'नेपाल कल्चरल इन्टरनेशनल फिल्म फेस्टिभल'को छैटौं संस्करण यही माघ १७ गतेदेखि माघ १९ गतेसम्म काठमाडौंमा हुने भएको छ । यसपटक ६० मुलुकका ४ सय बढी फिल्मको आवेदन परेको र यसमध्येबाट नेपालसहित ४७ मुलुकका ९८ वटा फिल्म महोत्सवमा देखाइने मङ्गलबार एक कार्यक्रमका बीच जानकारी गराइयो ।

महोत्सव आयोजक संस्था नेपाल चलचित्र तथा संस्कृति केन्द्रका अध्यक्ष सन्तोष सुवेदीले प्रारम्भिक चयन समूहले ४ सय फिल्मलाई डेढ महिना लगाएर हेरेपछि ९८ वटा फिल्म छनोट गरेको जानकारी दिए । उनका अनुसार महोत्सवमा कथानक फिल्म, लघु फिल्म, वृत्तचित्र, एनिमेटेड फिल्म, महिला, बालबालिका, मानव अधिकारका फिल्महरू प्रतिस्पर्धामा रहेका छन् ।

महोत्सवको लागि अन्तर्राष्ट्रिय जुरीमा भारतबाट निपोन धौला, जर्मनीबाट फाविन मात्थियस र इभिन बिराजी, बेलायतबाट लुईसा प्रिटोलानी, क्यानडाबाट जुडी ग्लाड्स्टोन, इरिना बेराजी छन् । नेपालबाट निर्णायकमा शम्भुजीत बास्कोटा, मिथिला शर्मा, दीपेन्द्र के. खनाल, प्रदीप खड्का, टीकाराम यात्री सुरक्षा पन्त, रौनक विक्रम कँडेल र दिनेश लिङदेन छन् ।

महोत्सवमा फिल्म प्रदर्शनसँगै फिल्मको विभिन्न विषयमा अन्तरक्रिया, मास्टर क्लास, कार्यशाला र कला प्रदर्शनी समेत गरिनेछ । काठमाडौंको दरबारमार्गस्थित राईजिङ मलको क्यूएफएक्स हल र चलचित्र विकास बोर्डमा हुन लागेको महोत्सवमा सर्वोत्कृष्ट भएका फिल्म, कलाकार तथा प्राविधिकलाई अवार्ड पनि प्रदान गरिनेछ । राष्ट्रिय र अन्तर्राष्ट्रिय गरी ३० फिल्म पुरस्कृत हुनेछन् ।

# 'मायावी'को 'सितारा जडेको' गीतमा भावुक पल र दीपिका



काठमाडौं/दीवाकर भट्टराईको लेखन तथा निर्देशनमा तयार भएको पाँचौं फिल्म 'मायावी'को तेस्रो गीतको रुपमा 'सितारा जडेको' सार्वजनिक गरिएको छ । दीक्षित पौडेल र समीरा थपलियाको स्वर, शम्भुजित बास्कोटाको संगीत तथा दयाराम पाण्डे र दीवाकर भट्टराईको शब्द छ । गीतले माइतीघरबाट अन्मिएर पराइघर जान लागेकी युवतीको विदाइको पललाई भावुकताका साथ वर्णन गरेको छ ।

विवाहको परिवेशमा तयार पारिएको गीतको भिडियोमा फिल्मका मुख्य कलाकारहरु पल शाह, दीपिका प्रसाँई, समीम खान (नव-नायक), प्रशान्त ताम्राकार, सुशील सिटौला, करिश्मा श्रेष्ठ चित्रित छन् । दीपिकाको समीमसँग विवाह भइरहँदा पल भावुक देखिएका छन् । दीपिका पनि पललाई हेर्दै भावुक बनेको देख्न सकिन्छ । यसले उनीहरुको प्रेम वियोग दर्शाउँछ ।

यसअघि सार्वजनिक भएको फिल्मका दुई गीत 'टलटल टल्कियो' र 'त्यो माया हो' अपेक्षित चल्न सकेनन् । यसैले 'सितारा जडेको' गीत भने चल्नैपर्ने देखिएको छ । आगामी फागुन १४ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्ममा लक्ष्मी गिरी, राजाराम पौडेल, अन्शु महर्जन, रवि डंगोल, रमा प्रसाईं, दीपेन्द्र सिम्खडा, संगीता सिलवाल लगायतको पनि अभिनय छ ।

'मायावी'मा ध्रुव न्यौपाने, राज कटुवाल र चन्द्र पन्तको लगानी छ । प्रवीण भट्टराई र करण सिंह कार्यकारी निर्माता रहेको फिल्ममा मञ्जु भण्डारी, राजु पराजुली र सुमित ओली भने सह-निर्माताको रुपमा छन् । फिल्मको गीतमा शम्भुजित बाँस्कोटासँगै एसडी योगीले संगीत दिएका छन् । यसमा शाहिल खानको ट्रेलर, राजु विक्रम थापाको डीओपी तथा मिलन श्रेष्ठको सम्पादन रहेको छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# अराजकताको बाटो...

पछिल्लो राजनीतिक घटनाक्रमलाई हेर्ने हो भने २०४६ सालदेखि अहिलेसम्म अपवादमा अन्य शक्ति अगाडि आएको झैँ देखिए पनि वास्तवमा यी दुई दलले नै राज्यसत्ता सञ्चालन गरिरहेका छन् । कामको आधारमा नागरिकले पनि दलहरुको मूल्यांकन गरिरहेका नै छन् । नागरिकले विकल्प नपाएपछि कहिले एउटालाई त कहिले अर्कोलाई समर्थन गरिरहेका नै छन् । काम गरे पनि, काम नगरे पनि हाम्रो विकल्प दोस्रो छैन भन्ने मानसिकताले गर्दा यी दलहरु हुनुपर्ने जति जिम्मेवार पनि हुन सकेनन् र हुनुपर्ने जति सक्षम पनि हुन आवश्यक ठानेनन् । हेर्दा लाग्छ, यी दुई दलले आजसम्म राज्यले प्राप्त गरेका उपलब्धिहरुको सन्दर्भमा नेपाली जनतासँग त्यसको ब्याज मात्र खोजिरहेको झैं अवस्था छ ।

के आजसम्मका सरकारले पूर्णरुपमा आफ्नो दायित्व निर्वाह गर्न सकिरहेका छन् त ? हामीले गणतन्त्र त प्राप्त गरेका छौं तर त्यो गणतन्त्रको उपभोग कसले गर्न पाइरहेको छ ? के आम नेपाली जनताले लोकतन्त्र र गणतन्त्रको पूर्ण सदुपयोग गर्न पाइरहेका छन् त ? के नेपाली नागरिकहरु आज आफ्नो देशमा आफ्नो मुलुकको लागि सेवा गरेर आफ्नो भविष्य सुरक्षित रहेको अनुभव गर्न सकिरहेका छन् त ? मुलुकमा नै बसेका नेपाली जनताले पनि पूर्ण कानुनीराज, पूर्ण संवैधानिक सर्वोच्चता, पूर्ण सुशासनको अनुभूति गर्न सकिरहका छन् त ? किन आज दैनिक हजारौं युवा छिमेकी भारतदेखि खाडी हुँदै जापान, अस्ट्रेलिया, अमेरिका वा क्यानडा लागिरहेका छन् ? किन आज स्वदेशमा बस्ने युवाहरु समाजको हेराइमा कमजोर वा अक्षमजस्तो भइरहेका छन् ? कसले गर्दा यस्ता अवस्थाहरु आइरहेका छन् ? यो अवस्थाप्रति जिम्मेवार पक्षमा लज्जाबोध वा कर्तव्यबोध जागेको छ त ?

नेपाली जनताले नेपालका इतिहास बोकेका राजनीतिक दलहरुलाई ठूलो विश्वास गरेका छन् । उनीहरुले भनेको बेलामा सडकमा उत्रिएर निरंकुश शासकहरुको गोली आफ्नो छातीमा थापेर शहीद बनेका छन् । हजारौं नेपाली राजनीतिक दलकै आह्वानलाई स्वीकार गर्दै आफ्नो अमूल्य जीवन र समय खर्च गरी आज निकम्माझैं बनेर रोजीरोटीको लागि छटपटाइरहेका छन् । तर नेपाली जनताले जसको लागि संघर्ष गरे, आफ्नो बलिदान दिए, तिनै राजनीतिक दलका नेताहरुले जनताको वास्तविक समस्या सम्बोधान गर्नको लागि इमानदारिता देखाउन सकिरहेका छैनन् । केही मन मिल्ने, स्वार्थ मिल्ने व्यक्तिहरुले नेताहरुबाट लाभ अवश्य लिन सकेका छन् । विडम्बना नै मान्नुपर्दछ, दलका स्वयं कार्यकर्ताले पनि नागरिकले पाउनुपर्ने अधिकार पूर्णरुपमा पाउन सकिरहेका छैनन् । स्वार्थको अगाडि पार्टीको सिद्धान्तको निष्ठा पनि धर्मराइरहेको छ ।

नेपालको पछिल्लो राजनीतिक घटनाक्रममा अस्थिरताले मुलुकलाई अघि बढ्नमा अवरोध मात्र खडा गरिरह्यो भन्ने थियो । मुलुकमा अस्थिरताको अन्त्यको लागि विकल्पहरुको खोजी गरिनुपर्दछ भन्ने आवाज उठिरहेको बेलामा दुई ठूला राजनीतिक दलले आफ्नो जिम्मेवारी सम्झिएर, सारा स्वार्थलाई छाडेर, एक भएर अघि बढ्ने निश्चय गरे । एमाले र नेपाली कांग्रेसको कार्यगत एकताले करिव दुई तिहाइको शक्तिशाली सरकार गठान भएको छ । यो सरकारले चाह्यो भने जे पनि गर्न सक्ने अवस्था छ । सत्तामा नै रहेका राजनीतिक दलका नेताहरुले नै यो सरकारलाई काम नगर्ने भन्ने छुट नै छैन अर्थात् असफल हुने छुट छैन भनिरहेका छन् । सरकारले ६ महिना बिताएको छ तर सरकारले लक्ष्यअनुसार कार्य गर्न सकिरहेको छैन अर्थात् सरकारले गर्नुपर्ने काम नै गर्न सकिरहेको छैन । सरकारको नेतृत्व गरिरहेकालाई त हामीले जनताको लागि धेरै काम गरिरहेका छौं भन्ने लाग्न सक्छ, त्यो स्वाभाविक पनि हो । तर जनतामा त्यो विश्वास जाग्न सकिरहेको छैन । सरकार आज पनि सानातिना, झीना-मसिना कुराहरुमा अल्झिरहेको देखिन्छ । उसलाई केही साना राजनीतिक दलको साख कसरी घटाउन सकिन्छ भन्ने मात्र चिन्ता रहेको देखिन्छ, उसलाई केही स्वतन्त्र जनप्रतिनिधिहरुलाई कुन बहाना बनाएर वा कुन घटना उब्जाएर पतन गराउन पाइन्छ होला भन्ने दुलो मात्र खोजेर बसेको झैं देखिन्छ ।

सरकार आफूले राम्रो काम गरेर अरुले गरेका कामहरुलाई ओझेलमा पारी जनताको विश्वास जित्नुपर्छ भन्ने मानसिकतामा नै छैन । सरकार त अरुलाई पतन गराएर आफू दूधले नुहाएको बन्न मात्र उद्यत् रहेको झैं देखिन्छ । लोकतन्त्रमा सत्तापक्ष र विपक्ष हुन्छ । विपक्ष भविष्यमा सरकार बनाउने रणनीतिमा हुन्छ । हाम्रो यहाँ सत्तापक्ष दुई ठूला दलको गठजोर भएपछि उनीहरुको प्रतिपक्ष माओवादी र रास्वपा बन्न पुगेको छ । सिद्धान्ततः ०८४ को निर्वाचनमा कि त एमाले-कांग्रेसको गठबन्धन बन्नुपर्दछ, कि त एउटाले आफ्नो अस्तित्व समाप्तको घोषणा गर्नुपर्ने हुन्छ । सत्तापक्ष र प्रतिपक्षको प्रतिस्पर्धामा सत्तापक्ष-सत्तापक्ष प्रतिस्पर्धी हुन सक्दैनन् । तसर्थ आगामी निर्वाचनमा सत्तापक्ष र प्रतिपक्षको प्रतिस्पर्धामा तेस्रो शक्तिको उदय हुने स्पष्ट छ । त्यो परिणाम स्वीकार गर्नसमेत यी दुई ठूला दलले साहस देखाउनुपर्ने हुन्छ ।

लोकतन्त्रको पर्याय भनेको आलोचना पनि हो । सरकार अरुको आलोचना सुन्न कदापि तयार छैन । सबैले भजन गरेर बसून्, सबैले नभए-नगरेको कुरालाई पनि भए-गरेको छ भनेर तारिफ गरुन् भन्ने पक्षमा रहेको देखिन्छ । तसर्थ हामीले हाम्रो लोकतन्त्रलाई कमजोर बनाइरहेका छौं । जिम्मेवार नेताहरुको यो मानसिक अवस्था क्रमशः जनतामा पनि संक्रमित हुँदै गएको देखिन्छ । यसैको परिणाम हो मर्यादा विपरीत सामाजिक सञ्जालमा व्यक्त हुने टिप्पणीहरु । आज टिप्पणी गर्न आधार, प्रमाण र तथ्य केही चाहिँदैन । कपोलकल्पित विचार नै व्यक्तिको अधिकार बनिरहेको छ ।

*(साभार: न्यूज अफ नेपाल)*

# मकवानपुरबाट १३ गैरआवासिय नेपालीले लिए नागरिकता




साझाकुरा संवाददाता

हेटौंडा, ८ माघ/जिल्ला प्रशासन कार्यालय मकवानपुरले चालु आर्थिक वर्षको ६ महिना अवधिमा १३ गैरआवासीय नेपालीलाई नागरिकता वितरण गरेको छ ।

चालु आर्थिक वर्ष २०८१/८२ को साउनदेखि पुस महिनासम्मको अवधिमा मकवानपुरबाट १३ जना गैरआवासीय नेपालीले नागरिकता लिएका हुन् । जसमा ११ पुरुष र २ महिला रहेको मकवानपुरका प्रमुख जिल्ला अधिकारी तीर्थराज चिलवालले बताए । प्रजिअ चिलवालका अनुसार चालु आर्थिक वर्षको अर्धवार्षिक अवधिमा मकवानपुरबाट ५ हजार पाँच सय ७ वटा नयाँ नागरिकताको प्रमाणपत्र जारी भएको छ ।

जसमा वंशजको आधारमा ५ हजार चार सय ९० वटा जारी भएको प्रजिअ चिलवालले बताए । वंशजको आधारमा २ हजार पाँच सय ८३ पुरुष र २ हजार आठ सय ८६ महिलाले नागरिकताको प्रमाणपत्र लिएका छन् ।

मकवानपुरमा चारवटा वैवाहिक अंगीकृत नागरिकता जारी भएको छ । यो अवधिमा मकवानपुरबाट ५ हजार ४ सय ७६ वटा नागरिकता प्रमाणपत्रको प्रतिलिपि जारी भएको छ ।

यो अवधिमा मकवानपुरबाट ७ हजार ९ सय ७० वटा राहदानी सिफारिस गरिएको छ भने कार्यालयले दुई सय ४६ वटा नाबालक परिचयपत्र वितरण गरेको छ ।

कार्यालयले पुस मसान्त सम्ममा ६ सय ३२ वटा अन्य विभिन्न सिफारिस जारी गरेको छ । पुस मसान्तभित्रमा मकवानपुरबाट २० हजार ६ सय ४५ वटा राष्ट्रिय परिचयपत्रको लागि विवरण संकलन गरिएको छ । यो अवधिमा छापिएर आएका ११ हजार वटा राष्ट्रिय परिचयपत्र कार्डमध्ये ७ हजार ५ सय ९० वटा वितरण गरिएको छ ।

# सूचनाले लोकतन्त्रलाई बलियो बनाउँछः मन्त्री लामिछाने

साझाकुरा संवाददाता

हेटौंडा, ८ माघ/ बागमती प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री सुरजचन्द्र लामिछानेले निष्पक्ष र पारदर्शी सूचनाले लोकतन्त्रलाई बलियो बनाउने बताएका छन् ।

लोकतन्त्रको बलियो आधार पारदर्शी र सुशासन रहेकाले सबै विषयमा सूचनाले महत्वपूर्ण भूमिका निर्वाह गरेको उनले बताए । मंगलबार हेटौंडामा आयोजित सूचनाको हक प्रवर्द्धनसम्बन्धी



अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री लामिछानेले सूचनाले अक्सिजनको रुपमा काम गर्ने बताए । समाज परिवर्तनमा सूचनाप्रविधिको महत्वपूर्ण भूमिका रहेको उनले बताए ।

सूचना लुकाउनु वा सूचना प्रवाहमा रोक लगाउनु निरकुशता भएको बताए । सूचनाले सत्यको नजिक पुर्‍याउने र त्यसले कार्यसम्पादनमा योजना निर्माणमा मार्गदर्शन गर्ने उनको भनाई छ । पछिल्लो समय सूचनाको दुरुपयोग गर्ने प्रवृत्ति बढेको मन्त्री लामिछानेले बताए । नागरिकको प्रत्यक्ष सरोकारका विषय जोडिएको सूचनालाई प्रवाह गरी सुसूचित गर्नुपर्ने उनले बताए ।

१ नं. वडा कार्यालय द्धारा जारी सन्देश

"बालमैत्री समाजको आधारः जिम्मेवार परिवार, उत्तरदायी सरकार"

नेपालको संविधान भाग ३ मौलिक हकको धारा ३९ अन्तरगर्त बा( लबालिकाको हकको व्यवस्था भएको र "स्थानीय सरकार संचालन ऐन, २०७४" र "बालबालिका सम्बन्धी ऐन, २०७५" समेतलाई कार्यान्वयन गर्न गराउनका लागि हेटौंडा उपमहानगर नै तत्पर रहेको हुादा २० वर्ष मुनिका किशोर किशोरीहरुले विवाह गरे वा गराएमा दुवै पक्षलाई कानुनी कार्वाहि हुने हुंदा सचेत रहन र गराउनको लागि १ नं.वडाको तर्फबाट हार्दिक अनुरोध गर्दछौं ।

बालमैत्री स्थानीय शासन उपमहानगर घोषणा गर्न तयारीका लागि उपमहानगरका पदाधिकारीहरु, बाल क्लब, बाल संजालको गठन, परिचालन, प्राध्यानध्यापक, स्वास्थ्य संस्था प्रमुख, महिला स्वास्थ्य स्वयमसेविका, , समन्वय समिति बाल संजाललाई अभिमुखीकरण, आचार संहिता मापदण्ड, रणनीति योजना तयारी बाल प्रोफाईल र स्थितिपत्र तयारी लगायत क्रियाकलाप भइरहेको छ ।



१- बालबालिकालाई निकृष्ट प्रकारको श्रम (जस्तै मोटर ग्यारेज, होटेल, गिट्टि, बालुवा,सहचालक आदि) मा नलगाऔं ।

२- १४ वर्ष मुनिका बालबालिकालाई कुनै पनि श्रममा नलगाऔं ।

३- सूर्तिजन्य पदार्थको खरिद विक्री गर्ने कार्यमा प्रयोग नगरौं ।

४- विद्यालयमा भर्ना गराई पठनपाठन कार्यमा संलग्न गराउँ ।

माथि उल्लेखित कार्यहरु भए वा गरे गराएमा कानून विरुद्ध भएकाले कानूनी कार्वाही हुने भएको हुँदा यस्ता कार्य नगरौं ।

बालमैत्री नगर घोषणा कार्यका लागि सबैले आफ्नो आफ्नो ठाउँबाट पहल गरौं ।

१ नं. वडा कार्यालय
हेटौंडा उपमहानगरपालिका

# दुई विद्यालय एकीकरणका लागि कार्यदल

साझाकुरा संवाददाता

हेटौंडा, ८ माघ/हेटौंडा उपमहानगरपालिकाको दुई ठूला विद्यालय एकीकरण गरी मेगा विद्यालय सञ्चालनको प्रक्रियामा लैजानका लागि ७ सदस्यीय कार्यदल गठन गरिएको छ ।

भुटनदेवी माध्यमिक विद्यालय र आधुनिक राष्ट्रिय माविलाई एकीकरण गर्नका लागि हेटौंडा उपमहानगरपालिकाको कार्यपालिका बैठकले ४ नम्बरका वडाअध्यक्ष नवीन सिग्देलको संयोजकत्वमा ७ सदस्यीय कार्यदल गठन गरेको हो । भुटनदेवी मावि व्यवस्थापन समितिका अध्यक्षसमेत रहेका वडाध्यक्ष सिग्देल संयोजकत्वको कार्यदलको सहसंयोजकमा आधुनिक राष्ट्रिय मावि व्यवस्थापन समिति अध्यक्ष मोहमद समिम रहेका छन् ।

सदस्यसचिवमा हेटौंडा उपमहानगरपालिका शिक्षाशाखा अधिकृत हरिषचन्द्र सापकोटा, सदस्यहरुमा भुटनदेवी माविका प्रधानाध्यापक माधव दाहाल, आधुनिक राष्ट्रिय माविका प्रधानाध्यापक रामसागर गुरागाईं, कार्यपालिका सदस्य जुना दाहाल र इश्वरी रसाइली रहेका छन् ।

कार्यदलको स्थायी आमन्त्रीत सदस्यमा उपमहानगरको सामाजिक विकास महाशाखा प्रमुख भीम तिमल्सिना, विज्ञ सल्लाहकार कृष्णप्रसाद धिताल र कानूनी शाखाका लक्ष्मण मैनाली रहेका छन् । कार्यदलले माघ मसान्तसम्ममा दुबै विद्यालयको भौतिक विवरण, शिक्षक, विद्यार्थी, कर्मचारीलगायत विवरण संकलन गरी प्रारम्भिक प्रतिवेदन बुझाउने कायदलका संयोजक सिग्देलले बताए । आउँदो बैशाखबाट मेगा विद्यालय सञ्चालन गर्ने गरी कार्यदल अघि बढेको उनको दाबी छ ।

# ३२ प्रतिशत बढ्यो गाडी आयात, अटो व्यवसाय सुध्रिएको हो ?



काठमाडौं, ८ माघ/ नेपालमा पछिल्लो समय सवारी साधान आयात उच्चदरले बढेको छ । यो वृद्धिदर हेर्दा नेपालको अटो व्यवसाय सुध्रिँदै गएको मान्न सकिन्छ । भन्सार विभागले सोमबार जारी गरेको गाडी आयात तथ्यांक हेर्दा अटो व्यवसायमा उल्लेख्य सुधार भएको मान्नुपर्ने हुन्छ ।

विभागका अनुसार चालु आर्थिक वर्ष २०८१/८२ को पहिलो ६ महिनामा गत आव सोही अवधिको दाँजामो गाडी आयात ३२ प्रतिशतले बढेको छ । चालु आव पहिलो ६ महिनामा ४७ अर्ब ९७ करोड रुपैयाँ बराबरको गाडी आयात भएको भन्सार विभागले जनाएको छ । गत आव पहिलो ६ महिनामा ३६ अर्ब ३२ करोड बराबरको मात्र गाडी आयात भएको थियो ।

आव २०७९/८० मा गाडी आयात ५० प्रतिशतले घटेको थियो । त्यसअघि २०७८/७९ मा १ खर्ब २३ अर्बको आयात भएको थियो । २०७९/८० मा ६१ अर्ब ८० करोडको मात्रै आयात भएको थियो । त्यसपछि गत आव २०८०/८१ मा त्यसअघिको वर्षका तुलनामा गाडी आयात केही बढ्यो । त्यो वर्ष अघिल्लो वर्षको तुलनामा गाडी आयात २६ प्रतिशतले बढेर ७८ अर्ब पुगेको थियो ।

तर, २०७८/७९ मा भएको १ खर्ब २३ अर्बको आयात पुग्न भने अझै पनि कठिन देखिन्छ । कुल गाडी आयात बढ्दा विद्युतीय सवारीसाधन (ईभी) को पनि आयात बढेको भन्सारको तथ्यांकमा देखिन्छ । चालु आव पुस मसान्तसम्म १३ अर्ब १० करोड ८० लाख रुपैयाँ बराबरका ईभी नेपाल भित्रिएका छन् । गत आव सोही अवधिमा १२ अर्ब ७३ करोड ३२ लाख बराबर ईभी आयात भएको थियो ।

ईभी आयात तुलनात्मक रूपमा गत वर्षभन्दा बढे पनि पेट्रोलियम इन्जिन गाडी आयात दर यो वर्ष धेरै बढेको देखिन्छ । चालु आव ६ महिनामा ३४ अर्ब ८७ करोड रुपैयाँ बराबर यस्ता गाडी आयात भएको छ । गत आव सोही अवधिमा भने पेट्रोलियम इन्जिन भएका गाडी २३ अर्ब ५९ करोडभन्दा बढीको आयात भएको थियो । गत वर्ष पहिलो ६ महिनाको दाँजोमा गाडी आयात बढ्नुलाई अटो व्यवसायमा सुधारको सकरात्मक सन्देशका रूपमा लिएको नाडा अटो मोबाइल एसोसिएसनका उपाध्यक्ष राजनबाबु श्रेष्ठ बताउँछन् ।

'पेसेन्जर भेहिकल सेग्मेन्टमा पहिलेदेखि नै राम्रो भइरहेको छ । यसबीच पेट्रोलियम इन्जिन गाडी आयात पनि बढ्यो,' उनले भने, 'पछिल्लो समय माइक्रोबस आयात पनि बढेको छ । यसले अटो व्यवसायमा सुधारको सकारात्मक सन्देश दिएको छ ।'

उनले केही सुधार देखिए पनि व्यवसायिक सवारीसाधनमा भने सुधार हुन नसकेको बताए । 'सवारी आयातको कुरा गर्दा कमर्सियल भेहिकलमा सुधार भएको छैन । त्यो चाहिँ बाँकी छ,' उनले भने ।

*(स्रोतः अनलाइनखबर)*

## लागु औषधबाट बचौं र बचाऔं !

औषधको उत्पादन सञ्चय ओसार पसार, बिक्री बितरण तथा सेवन कानूनतः दण्डनीय अपराध हो । यस्ता गैर कानूनी गतिबिधीमा आफ पनि नलागौं अरुलाई पनि लाग्न नदिऔं । लागु औषधको दुरुपयोगको बारेमा सचेत बनौं । स्वस्थ्य र सुखी परिवार समुन्नत समाजको लागी लागु औषधको दुर्व्यसनलाई निरुत्साहन गरौं ।

हेटौंडा उपमहानगरपालिका
१७ नं. वडा कार्यालय
हेटौंडा, मकवानपुर

# अफ्रिकन स्वाइन फिभरबाट १९० बंगुर मरे



साझाकुरा संवाददाता

हेटौंडा, ८ माघ/ मकवानपुरमा अफ्रिकन स्वाइन फिभरको प्रकोप फैलिएको छ । मङ्सिर दोस्रो साताबाट मकवानपुरको हेटौंडा र भीमफेदीमा स्वाइन फिभरबाट १९० बंगुर मरेको पशुसेवा कार्यालय मकवानपुरले जानकारी दिएको छ ।

काठमाडौंमा रहेको केन्द्रीय पशुपन्छी रोग अन्वेषण प्रयोगशाला पठाइएको नमूनामा यहाँको बंगुरमा अफ्रिकन स्वाइन फिभर पुष्टि भएको पशुसेवा कार्यालय मकवानपुरका कार्यालयप्रमुख बज्रकिशोर ठाकुरले जानकारी दिए । मकवानपुरको हेटौंडा-१, ११, १७ नं. वडा र भीमफेदी गाउँपालिका वडा नं. १ मा व्यावसायिकरुपमा पालिएका बंगुर अफ्रिकन स्वाइन फिभरको कारण मरेका हुन् ।

हेटौंडा उपमहानगरपालिका-१ जरुवाटोलमा व्यावसायिक बंगुरपालन गरिरहेका आधुनिक कृषि पशुपन्छी तथा माछा फर्मका सञ्चालक सूर्य अधिकारीको फर्ममा ९० वटा, हेटौंडा-११ मा ३ वटा र हेटौंडा-१७ मा ७ वटा र भीमफेदी गाउँपालिका वडा नं. १ मा रहेको निरु कृषि तथा पशुपन्छी फर्ममा ९० वटा बंगुर मरिसकेको पशुसेवा कार्यालय मकवानपुरका पशुचिकित्सक डा.विजय पौडेलले जानकारी दिए ।

अफ्रिकन स्वाइन फिभरबाट गोठै रित्तिएपछि अधिकारी अहिले चिन्तामा छन् । एक दशकको मिहेनत गरेर आजको अवस्थामा आइपुगेका उनी अब के गर्ने ? भन्ने सोचमा परेका छन् । उनी जस्तै अन्य बंगुरपालक किसान पनि चिन्तामा परेका छन् । मधेस प्रदेश हुँदै मकवानपुर भित्रिने नाका हेटौंडाको रातमाटे, बागमतीको राईगाउँ र चितवनसँग जोडिएको लोथरक्षेत्रमा कडाइ गर्नुपर्नेमा कार्यालयप्रमुख ठाकुरले जोड दिए । उनले होटलको खानाका कारणबाट पनि रोग सर्ने सम्भावना हुने बताए ।

अफ्रिकन स्वाइन फिभरका कारण बंगुर धमाधम मर्न थालेपछि किसान चिन्तामा परेका हुन् । अफ्रिकन स्वाइन फिभर लागेमा बंगुरमा उच्च ज्वरो आउने लगायतको लक्षण देखापर्ने र एक दुई दिनभित्र मर्ने गरेको जनाइएको छ । अफ्रिकन स्वाइन फिभर फैलिएमा एकैपटक धेरै बंगुर मर्ने गरेकाले सतर्कता अपनाउन पशु कार्यालयले बंगुरपालक कृषकलाई आग्रह गरेको छ ।

जिल्लामा करिब पाँच सय बंगुरपालक किसान रहेको पशुसेवा कार्यालय मकवानपुरले जनाएको छ । अफ्रिकन स्वाइन फिभर नेपालमा पहिलोपटक २०७९ जेठमा पुष्टि भएको थियो । बागमती प्रदेशमा एक हजार बढी सुँगुर बंगुर अफ्रिकन स्वाइन फिभरका कारण मरिसकेका छन् ।

# प्रदेशसभा सचिवालयमा तीनवटा विधेयक दर्ता




साझाकुरा संवाददाता

हेटौंडा, ८ माघ/ बागमती प्रदेशसभा सचिवालयमा तीनवटा विधेयक दर्ता भएको छ । प्रदेश सरकारको तर्फबाट ल्याइएको तीनवटा विधेयक आज मंगलबार दर्ता गरिएको हो ।

दर्ता भएको विधेयकमा प्रदेश औद्योगिक व्यवसाय ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक र प्रादेशिक व्यापार तथा व्यवसायी सम्बन्धी ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक रहेको प्रदेशसभा सचिवलायका प्रवक्ता मनोजकुमार गुप्ताले जानकारी दिए ।

मदनभण्डारी स्वास्थ्य, विज्ञान प्रतिष्ठान ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक पनि दर्ता भएको प्रवक्ता गुप्ताले बताए । ती संशोधन गर्नुपर्ने विधेयकलाई यही माघ तेस्रो हप्ता बस्ने प्रदेशसभा बैठकमा छलफल गराई पारित गर्ने लक्ष्य रहेको प्रदेशसभाका सभामुख भुवनकुमार पाठक्ले जानकारी दिए ।

# मकवानपुर-काठमाडौं जोड्ने दुई सडक पुनः सञ्चालन



साझाकुरा संवाददाता

हेटौंडा, ८ माघ/सडक स्तरोन्नति तथा मर्मतका लागि यातायात सञ्चालनमा रोक लगाइएको मकवानपुर र काठमाडौं जिल्ला जोड्ने दुई सडक पुनःसञ्चालनमा आएको छ ।

थानकोट-चित्लाङ सडक (गणेशमान मार्ग) र मातातीर्थ सडक मंगलबार बिहानदेखि सञ्चालनमा आएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता प्रहरी नायव उपरीक्षक श्यामु अर्यालले जानकारी दिए । अर्यालका अनुसार, ती दुवै सडक स्तोन्नतिका लागि गत ७ पुस र २२ पुसदेखि बन्द गरिएको थियो ।

यसैगरी, मकवानपुर-काठमाडौं जोड्ने कुलेखानी-फाखेल सडकखण्ड र कुलेखानी-सिस्नेरी-दक्षिणकाली सडकखण्डमा एकतर्फी मात्रै सवारीसाधन सञ्चालन भइरहेको अर्यालले जानकारी दिए ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादकः **सरला खनाल**, कार्यालय/मुद्रणः हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रणः** सफल छापाखाना